# वार्षिक शैक्षिक स्थिति प्रतिवेदन

## Annual Educational Status

## Report-2081/82

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
लहरेपौवा, रसुवा

# प्रतिवेदकको तर्फबाट ..........

नेपालको संविधानले व्यवस्था गरेको राज्यका तीन तहको सरकारमध्ये जनतासंग प्रत्यक्ष सम्बन्ध राख्ने सरकारको रुपमा स्थानीय सरकार रहेको छ। संबिधान प्रदत्त आधारभूत र माध्यमिक तहको शिक्षा सम्बन्धी अधिकारहरु स्थानीय सरकारमा रहेको हुनाले सो कार्यान्वयनको लागि देशको ७५३ वटै स्थानीय तहमा शिक्षा,युवा तथा खेलकुद शाखाको संस्थागत संरचना स्थापित भैसकेको अवस्थामा नुवाकोट जिल्ला र रसुवा जिल्लाको सीमा सुरुवातमा पर्ने उत्तरगया गाउँपालिकामा पनि शिक्षा,युवा तथा खेलकुद शाखाले आफ्नो पालिका भरि शैक्षिक गतिविधि र शैक्षिक प्रशासन सम्बन्धी कार्यहरु गर्दै आएको छ।

उत्तरगया गाउँपालिकाको समग्र शैक्षिक विकासको लागि योजना तर्जुमा गर्न यहाँको वर्तमान शैक्षिक स्थिति के कस्तो छ भन्ने कुरा खोजी गर्न आवश्ययक छ भनी महशुस भैरहेको अवस्था कुन कुन विषयवस्तुमा के के कसरी तथ्यांक संकलन गर्ने भन्ने अन्यौलताको बीच हामो तालुक निकाय शिक्षा तथा मानव स्रोत विकास केन्द्रले एउटा ढाँचामा प्रतिवेदन लेखनको लागि सहजीकरण गरिदिएकोमा केन्द्रप्रति धन्यवाद दिन चाहन्छु। यस प्रतिवेदनमा सकेसम्म तथ्यगत र यथार्थपरक तथ्यांकहरु राख्ने प्रयास गरेको छु। पक्कै पनि यो प्रतिवेदनले उत्तरगया गाउँपालिकाको शैक्षिक क्षेत्रको बारेमा जान्न र बुझ्न चाहने सम्पूर्ण शिक्षाप्रेमी, राजनीतिज्ञ, अनुसन्धानकर्ता, शिक्षक, अभिभावक,विद्यार्थीलागायत शिक्षाप्रति चासो र चिन्ता राख्ने महानुभावहरुलाई केही हद सम्म सहयोग पुग्ने छ भन्ने अपेक्षा रहेको छ।

यो स्थिति प्रतिवेदन तयार गर्न अमूल्य सल्लाह, सुझाव प्रदान गर्नुभएकोमा गाउँपालिकाका अध्यक्ष श्री माधवप्रसाद अर्याल, उपाध्यक्ष श्री चमेली गुरुङ, प्रमुख प्रशासकीय अधिकृत श्री होमनाथ दाहाल प्रति आभार व्यक्त गर्न चाहन्छु। साथै आवश्यक तथ्यांक उपलब्ध गराउन सहयोग पुर्याएकोमा आर्थिक प्रशासन शाखाका वरिष्ठ लेखा अधिकृत श्री धर्मराज आचार्यलाई विशेष धन्यवाद दिन चाहन्छु।
अन्त्यमा, यो शैक्षिक स्थिति प्रतिवेदनले समग्र उत्तरगया गाउँपालिकाको शैक्षिक अवस्थालाई चित्रित गर्दै आगामी दिनमा विभिन्न निकाय एवं सरोकारवालाई शैक्षिक योजना निर्माणमा उल्लेखनीय सहयोग पुर्याउनेछ भन्ने विश्वास राख्दै यस प्रतिवेदनमा उल्लेखित तथ्यांकहरुलाई अझै वस्तुनिष्ट, यथार्थपरक र त्रुटिरहित बनाउन अझै सशक्तरुपमा कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्दछु। धन्यवाद।

२०८२/०९/१६
सुनिता खतिवडा
वरिष्ठ विद्यालय निरीक्षक
शिक्षा, युवा तथा खेलकुद शाखा

# विषयसूची

विषयवस्तु

पृष्ठ

परिच्छेद -१ : स्थिति प्रतिवेदनको परिचय १–२

१.१ पृष्ठभूमि

१.२ स्थिति प्रतिवेदनको उद्देश्य

१.३ स्थिति प्रतिवेदन निर्माण प्रक्रिया

१.४ स्थिति प्रतिवेदन तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेजहरू

परिच्छेद -२ : शैक्षिक अवस्था ३–९

२.१ शिक्षण संस्थाहरूको संख्यात्मक विवरण

२.२ शिक्षक कर्मचारी विवरण

२.३ विद्यार्थी विवरण

२.४ स्थानीय तहको संगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्था

परिच्छेद-३ : कार्यक्रम कार्यन्वयनको भौतिक तथा वित्तीय प्रगति ९–१३

३.१ शिक्षा क्षेत्रको वजेट र खर्चको अवस्था

३.२ वजेट उपशीर्षक अनुसार वजेट तथा खर्चको अवस्था

३.३ कार्यक्रम कार्यान्वयनका मुख्य समस्या तथा चुनौती

३.४ कार्यक्रम कार्यान्वयनमा सुधारका उपायहरु

परिच्छेद - ४ :उपलब्धि तथा कार्यक्रम विस्तृतीकरण १४–२९

४.१ शिक्षक दरवन्दी र दरवन्दी मिलान प्रगति

४.२ उत्कृष्ट सिकाइ उपल्बिध भएका विद्यालयलाई सिकाइ सुद्दीढिकरणकको लागि अनूदान तथा तोकिएको सूचांकको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान कार्यान्वयन अवस्था

४.३ शिक्षक दरवन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका विद्यालयलाई एकमुष्ठ अनुदान कार्यान्वयन तथा गणित,विज्ञान र अंग्रेजी शिक्षण सहयोग अनुदान प्राप्त गर्ने विद्यालय

४.४ विज्ञान प्रयोगशाला,ICT ल्याब, पुस्तकालय तथा इन्टरनेट पुगेका विद्यालयहरुको अवस्था

४.५ विद्यालय सुपरिवेक्षण तथा शिक्षकलाई पेसागत सहयोग स्थिति

४.६ बालकक्षा र बालविकास सहजकर्ता

४.७   विद्यालय सुधार योजना र सामाजिक परीक्षणको अवस्था
४.८  कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका कार्यक्रम र प्रयास
४.९   प्रारम्भिक अपाङ्गता पहिचान (Early disability Screening)  कार्यक्रम
४.१०  छात्रवृत्ति वितरण
४.११  प्राविधिक विद्यालय र अवस्था
४.१२  नमूना विद्यालयको अवस्था
४.१३  विद्यालयको भौतिक अवस्था
४.१४  विद्यालय सुशासन तथा पारदर्शितामा गरिएका प्रयास
४.१५ स्थानीय तहले आन्तरिक स्रोत अन्तर्गत संचालित कार्यक्रम तथा उपलब्धि

परिच्छेद ५ : असल अभ्यास, प्रमुख उपलब्धि, चुनौती तथा समाधानका उपायहरु
५.१  असल अभ्यास २९–३५
५.२  अनिवार्य तथा निःशुल्क शिक्षा
५.३  कार्यक्रमको प्रमुख उपलब्धि
५.४  चुनौती तथा समाधानका लागि गर्नुपर्ने प्रयासहरु
अनुसूची ३५–४४
१. निकासा पत्र २०८१/८२
२. शैक्षिक सत्र २०८१ को नतिजा विवरण
३.सामुदायिक विद्यालय र सामुदायिक सिकाइ केन्द्रमा कार्यरत शिक्षक कर्मचारी तथा परिचालकको विवरण
४.विद्यालयगत शिक्षक तथा कर्मचारी विवरण
५. शैक्षिक सत्र २०८१ को कक्षागत विद्यार्थी विवरण
६.घरधुरी सर्वेक्षण बाट भेटिएका विद्यालय बाहिर रहेका बालबालिकाहरुको विवरण
७.घरधुरी सर्वेक्षण बाट पहिचान भएको गाउँपालिकाको शैक्षिक अवस्थाको विवरण

# परिच्छेद - १

# स्थिति प्रतिवेदनको परिचय

## १.१ पृष्ठभूमि

नेपाल सरकार शिक्षा,विज्ञान प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्रको मार्गनिर्देशन अनुरुप उत्तरगया गाउँपालिका शिक्षा,युवा तथा खेलकुद शाखाले आर्थिक वर्ष २०८१/८२ मा गरेका सम्पूर्ण शैक्षिक एवं प्रशासनिक गतिविधि, पालिका संचालित सम्पूर्ण विद्यालयहरुको शिक्षक विद्यार्थी विवरण र वर्तमान अवस्था, दिवाखाजा व्यवस्थापन, छात्रवृत्ति वितरण, विद्यालयको सम्पूर्ण भौतिक, प्रशासनिक एवं शैक्षिक अवस्था, सामुदायिक सिकाइ केन्द्रहरुको संचालन अवस्थालगायत पालिकाको शिक्षा क्षेत्रमा भएको स्रोत परिचालन आदि विषयमा वर्तमान स्थिति के कस्तो छ भन्ने यथार्थ विवरण पत्ता लगाई सो विवरणको आधारमा शैक्षिक नीति तथा कार्यक्रम तय गर्न र शिक्षा क्षेत्रमा सुशासन, पारदर्शिता, विश्वासनियता एवं प्रभावकारिता कायम गर्न सरोकारवाला निकायहरुलाई सहज होस् भन्ने हेतुले यो स्थिति प्रतिवेदन तयार गरिएको हो।

## १.२ स्थिति प्रतिवेदनको उद्देश्य :

उत्तरगया गाउँपालिकाको स्थिति प्रतिवेदन तयार पार्नुको मुख्य उद्देश्य निम्नानुसार रहेको छ

- आर्थिक वर्ष २०८१/८२ मा गाउँपालिकामा सञ्चालित शैक्षिक कार्यक्रमहरुको बारेमा जानकारी प्रदान गर्नु ।
- पालिकाको शैक्षिक योजना निर्माण गर्दा यस स्थिति प्रतिवेदनलाई मुख्य आधारको रुपमा उपयोग गर्न ।
- संस्थागत स्मरणको लागि शैक्षिक तथ्यांक र कार्यक्रमहरुलाई लिपिबद्ध गर्न ।

## १.३ स्थिति प्रतिवेदन निर्माण प्रक्रिया :

यो स्थिति प्रतिवेदन निर्माण गर्दा निम्न प्रक्रियाहरु अवलम्बन गरिनेछ :

- सूचना संकलन तथा सूचनाको तार्किक विश्लेषण ।

- सूचनाको संगठन एवं मार्गदर्शन तयार ।
- ड्राफ्ट लेखन ।
- सूचना अध्यावधिक र पुनर्लेखन ।
- अन्तिम प्रतिवेदन लेखन ।

## १.४ स्थिति प्रतिवेदन तयारीका आधारहरु :

कुनै पनि विषयमा एउटा पूर्ण प्रतिवेदन तयार गर्नको लागि थुप्रै सहयोगी सामग्री र सन्दर्भसामग्रीको आवश्यकता पर्छ। यो स्थिति प्रतिवेदन तयारीको गर्नको लागि विभिन्न दस्तावेजहरु प्रयोग गरिएको छ जुन निम्नानुसार छन्

- IEMIS REPORT, CEHRD को परिपत्र, प्रकाशित सुचनाहरु ।
- नेपाल सरकारको वार्षिक कार्यक्रम र बजेट (संघ,प्रदेश,पालिका ) ।
- विद्यालय सुधार योजना,विद्यालयको सामाजिक परिक्षण प्रतिवेदन ।
- पालिका प्रोफाईल र गुरुयोजना।
- पालिका लेखा प्रतिवेदन ।
- शिक्षा शाखा अनुगमन प्रतिवेदन ।
- विद्यालयका प्र.अ तथा शिक्षकको अनुभव अन्तर्वार्ता ।


# परिच्छेद - २

## शैक्षिक अवस्था

### २.१ विद्यालय विवरण :

उत्तरगया गाउँपालिकामा जम्मा १८ ओटा विद्यालयहरु संचालित रहेको छ। जस मध्ये १७ सामुदायिक विद्यालयहरु छन् भने निजि विद्यालयको संख्या १ रहेको छ।

| शैक्षिक संस्थाहरुको संख्यात्मक विवरण र सञ्चालित कक्षा | | | | | |
|---|---|---|---|---|---|
| आधारभूत तह | | | माध्यमिक तह | | संस्थागत |
| (०-३) | (०-५) | (०-८) | (०-१०) | (०-१२) | (०-८) |
| ३ | ७ | ३ | ४ | ३ | १ |




तालिका न. १. शैक्षिक सत्र २०८१ मा पालिका भित्र रहेका शैक्षिक संस्थाहरुको विस्तृत विवरण :

| क्र.स | विद्यालयको नाम | संचालित तह | ठेगाना | प्र.अ.नाम, थर | फोन नं. |
|---|---|---|---|---|---|
| १ | श्री तिरु आधारभूत विद्यालय | ०-५ | उत्तरगया-१, तिरु | पोखरी प्रसाद भट्टराई | ९८४८४४४१९९ |
| २ | श्री चिप्लेटी आधारभूत विद्यालय | ०-५ | उत्तरगया-१, सल्लेटार | सबिता तामाङ | ९८४१८८९२९५ |
| ३ | श्री गणेश आधारभूत विद्यालय | ०-५ | उत्तरगया-१, सिरुचेत | संगिता थापा मगर | ९८६१५८१४०९ |
| ४ | श्री पञ्चलिङ्गे आधारभूत विद्यालय | ०-८ | उत्तरगया-२, खड्कु | पोख बहादुर तामाङ | ९८६१६०८२८८ |
| ५ | श्री दिपेन्द्र आधारभूत विद्यालय | ०-५ | उत्तरगया-२, कटुन्जे | सुभद्रा भट्ट | ९८४३४०४०५८ |
| ६ | श्री डाँडागाउँ माध्यमिक विद्यालय | ०-१२ | उत्तरगया-२, डाँडागाउँ | नमराज घिमिरे | ९८४०७८२२२६ |
| ७ | श्री सिम्ले आधारभूत विद्यालय | ०-३ | उत्तरगया-२, सिम्ले | चुडामणि अधिकारी | ९८४११८५६१० |
| ८ | श्री भुमेदेवी माध्यमिक विद्यालय | ०-१० | उत्तरगया-३, ठूलोगाउँ | शिब बहादुर तामाङ | ९८४९८२२१८१ |
| ९ | श्री सरस्वती आधारभूत विद्यालय | ०-५ | उत्तरगया-३, पैरे | भक्त बहादुर गुरुङ | ९८४१८९३१२७ |
| १० | श्री मालिकादेवि आधारभूत विद्यालय | ०-५ | उत्तरगया-४, कुवापानी | पूर्ण बहादुर घले | ९८६१५८३१२६ |
| ११ | श्री नवविजयी महेन्द्र माध्यमिक विद्यालय | ०-१० | उत्तरगया-४, भलायडाँडा | रमेश कुमार लामिछाने | ९८६०२३४२३६ |
| १२ | श्री ढुँगे आधारभूत विद्यालय | ०-८ | उत्तरगया-४, ढुङ्गे | सरस्वती तमाङ | ९८४३५६०७८९ |
| १३ | श्री भुवनेश्वरी आधारभूत विद्यालय | ०-५ | उत्तरगया-४, मणिगाउँ | कृष्ण प्रसाद पौडेल | ९८४३७६७९३ |
| १४ | श्री भिमसेनस्थान आधारभूत विद्यालय | ०-३ | उत्तरगया-५, माझगाउँ | साबित्री रिजाल | ९८६०५८१७७८ |
| १५ | श्री बाराही आधारभूत विद्यालय | ०-३ | उत्तरगया-५, बनुवा | शारदा आचार्य | ९८५११०१८७७ |
| १६ | श्री शिवालय आधारभूत विद्यालय | ०-८ | उत्तरगया-५, लहरे | भरत पौडेल | ९७४५३७३९७१ |
| १७ | श्री नीलकण्ठ माध्यमिक विद्यालय | ०-१२ | उत्तरगया-५, बोगटिटार | माधव लामिछाने | ९८४१५७८९९३ |
| १८ | मोर्डन ट्रिनिटी बोर्डिङ स्कुल | ०-८ | उत्तरगया-५, कैदलेटार | सुरज डंगोल | ९८६२१९६३३५ |

## २.२ शिक्षक,बालविकास सहजकर्ता, सामाजिक परिचालक तथा विद्यालय कर्मचारीहरुको संख्यात्मक विवरणः


यस पालिकामा नेपाल सरकारबाट स्वीकृत विद्यालय सहयोगी २१, सहायक कर्मचारी ५, बालविकास सहजकर्ता २०, प्राथमिक तह दरवन्दी ६४, निम्न माध्यमिक दरवन्दी १५, माध्यमिक तह (कक्षा ९-१०) दरवन्दी १३ र माध्यमिक तह (११-१२) मा ५, प्राविधिक प्रशिक्षक ७ दरवन्दी रहेको छ । साथै शुन्य दरबन्दी भएका आधारभूत तहका १ यसका साथै पालिकाले विषयगत दरबन्दी नभएका आ.वि लाई आफ्नो स्रोतबाट तलब भत्ता प्रदान गर्ने गरी आधारभूत तह (१-५) संचालित विद्यालयमा २, आधारभूत तह (६ -८) मा १, अनुदान शिक्षक/कर्मचारीको व्यवस्थापन गरेको छ। यस पालिकामा संघ र पालिकाको अनुदानबाट तलब भत्ता पाउने गरी शिक्षक कर्मचारीको संख्यात्मक विवरण तल प्रस्तुत गरिएको छ ।

तालिका न. २ : शिक्षक कर्मचारीको दरवन्दी विवरण

शिक्षक,बालविकास सहजकर्ता, सामाजिक परिचालक तथा विद्यालय कर्मचारीहरुको संख्यात्मक विवरणः

| तह | स्वीकृत दरबन्दी | | | | | संघीय अनुदान | पालिका अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | स्थायी /अस्थायी/ करार | राहत | साबिक उ.मा.वि. | प्राविधिक प्रशिक्षक | नर्स (प्रदेश) | | | |
| माध्यमिक तह | १३ | ५ | ५ | ७ | | | | ३० |
| नि.मा.वि. तह | १५ | ५ | | | | १ | १ | २२ |
| प्राथमिक तह | ६४ | २ | | | | | २ | ६८ |
| विद्यालय नर्स | | | | | ३ | | | २ |
| विद्यालय सहायक | ३ | | | | | | १ | ४ |
| स.का. | २० | | | | | | | २० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विद्यालय सहयोगी | २२ | | | | | | २ | २४ |
| खेलकुद प्रशिक्षक | | | | | | | ३ | ३ |
| सासिके परिचालक | ३ | | | | | | | ३ |
| जम्मा | १४० | १२ | ५ | ७ | २ | १ | ९ | १७६ |





## २.३ विद्यार्थी विवरण :

एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS -२०८१ को रिपोर्ट अनुसार यस पालिकामा संचालित १७ ओटा सामुदायिक विद्यालय,१ निजी विद्यालयमा रहेका जम्मा विद्यार्थी विवरण यस प्रकार छन् ।

## तालिका नं ३ कक्षागत विद्यार्थीहरुको विवरण


| बाल कक्षा | | | कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | | कक्षा ४ | | | कक्षा ५ | | | कक्षा ६ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| १४२ | १३६ | २७८ | १३० | १११ | २४१ | ७० | ५५ | १२५ | ७५ | ५३ | १२८ | ६७ | ७० | १३७ | ६० | ५५ | ११५ | ५९ | ५३ | ११२ |

| कक्षा ७ | | | कक्षा ८ | | | कक्षा ९ | | | कक्षा १० | | | कक्षा ११ | | | कक्षा १२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T | G | B | T |
| ६७ | ६२ | १२९ | ४५ | ५१ | ९६ | ५१ | ६१ | १२१ | ४६ | २९ | ७५ | २२ | २४ | ४६ | १९ | २१ | ४१ |



| तहगत विद्यार्थी विवरण-२०८१ | | | | |
|---|---|---|---|---|
| बाल विकास | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१० | कक्षा ११-१२ |
| २७८ | ७४६ | ३३७ | १९६ | ८७ |

तालिका नं ४ तहगत विद्यार्थी विवरणः




## २.४ स्थानीय तहको संगठन संरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्तिको अवस्था :

यस पालिकामा शिक्षा,युवा तथा खेलकुदको क्षेत्र समेट्ने गरी शिक्षा,युवा तथा खेलकुद शाखाको स्थापना गरिएको छ। सो शाखामा शाखा प्रमुखको रुपमा शिक्षा प्रशासन,प्राविधिक सेवाको सातौँ / आठौं तहको शिक्षा अधिकृत र सहायकस्तर कर्मचारी पाचौ/ छैटौं तहको प्राविधिक सहायकको दरवन्दी रहेको छ। हाल प्राविधिक सहायक पदमा कर्मचारी पदपूर्ति भएको छैन।

तालिका न.५ : शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारी विवरणः

| क्र.स | कर्मचारीको नाम | पद | तह श्रेणी |
|---|---|---|---|
| १ | श्री सुनिता खतिवडा | विद्यालय निरीक्षक | अधिकृतस्तर, आठौँ तह |
| २ | | प्राविधिक सहायक | |

विषयगत क्षेत्र फराकिलो रहेको र समग्र विद्यालयहरुको नियमन,अनुगमन, आधारभूत तहको परीक्षा,तालिम, शिक्षकलाई पेसागत सहयोग लगायत कार्यहरु गर्नको लागि हाल उपलब्ध जनशक्ति पर्याप्त देखिदैन। साथै हाल उपलब्ध जनशक्ति पनि शैक्षिक प्रशासनिक कार्यमा व्यस्त हुँदा विद्यालय र शिक्षा शाखा वीच पुलको कार्य गरी आवश्यक समन्वय गर्न केही जनशक्ति थप्नुपर्ने देखिन्छ।

# परिच्छेद- ३


## कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तीय प्रगति

### ३.१ शिक्षा क्षेत्रको बजेट र खर्चको अवस्था :

यस पालिकामा आ.ब २०८१/८२ मा संघ,स्थानीय सरकारबाट ससर्त लगायत अन्य शिर्षकमा विनियोजित बजेटलाई तल प्रस्तुत गरिएको छ।

तालिका न. ६ : आ.व २०८१/८२ मा विनियोजित बजेट, कार्यक्रम र कार्यन्वयन अवस्था

| बजेट स्रोत | विनियोजित बजेट (रु.) | खर्च (रु.) | प्रगति प्रतिशत |
|---|---|---|---|
| संघीय ससर्त | १०८९१३००० | ९६९४५४९७ | ८९.०१ % |
| पालिका अनुदान | २१४२१६०२ | १८२५४५४७ | ८५.२१ % |
| जम्मा | १३०३३४६०२ | ११५२०००४४ | ९७.५३ % |




## ३.२ बजेट उपशीर्षक अनुसार बजेट तथा खर्चको अवस्था :

यस पालिकामा संघीय सरकार र स्थानीय सरकारबाट विनियोजित बजेट,कार्यक्रमको कार्यान्वयन अवस्था निकै सन्तोषजनक रहेको छ। तीनै तहको कूल बजेट मध्ये करिब ९७.५३ % कार्यान्वयन भएको अवस्था छ। तहगत रुपमा हेर्दा कूल बजेटको संघीय सरकारको ८९.०३ %, र स्थानीय सरकारको ८५.२१ % खर्च भएको देखिन्छ। विनियोजित बजेट उपशीर्षक र खर्च सम्बन्धी विस्तृत विवरण तल प्रस्तुत गरिएको छ।

तालिका न. ७: संघीय सरकारबाट विनियोजित बजेट,कार्यक्रम र कार्यन्वयन अवस्थाः

आ.व. २०८१/८२ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम बजेट प्रकार : चालु उप क्षेत्र : शिक्षा

| क्र.स. | कार्यक्रम/आयोजना/क्रियाकलाप | विनियोजन | खर्च रकम | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | तलब भत्ता आधारभूत तह | ५७७५२००० | ५०६१०७५७ | ८७.६३ |
| २ | तलब भत्ता माध्यमिक तह | २३०४३००० | २०९७४२२८ | ९१.०१ |
| ३ | शिक्षण सहयोग अनुदान | ४६६००० | ३९७०३० | ८५.१९ |
| ४ | तलब भत्ता **ECD** तथा विद्यालय कर्मचारी | ६२१३००० | ६२१३००० | १०० |

| | | | | |
|---|---|---|---|---|
| ५ | निःशुल्क सेनेटरी प्याड वितरण अनुदान | ३२०००० | ३१९८०० | ९९.९३ |
| ६ | दिवा खाजा कक्षा ५ सम्मको लागि | २१६३००० | २०८४००१ | ९६.३४ |
| ७ | शैक्षिक सुशासन परीक्षण मूल्यांकन | १४६३००० | ४५०००० | ३०.७५ |
| ८ | निःशुल्क पाठ्यपुस्तक | ८९४००० | ८२५६८९ | ९२.३५ |
| ९ | शैक्षिक पहुँच तथा अनौपचारिक शिक्षा | ११७४००० | ८९२७६० | ७६.०४ |
| १० | सिकाई आपुरण तथा द्रुत सिकाई **ReAL** | ८००००० | २७६७५१ | ३४.५९ |
| ११ | प्रति विद्यार्थी इकाई लागत अनुदान **PCF** | २०७१००० | १२३१५०० | ५९.६४ |
| १२ | विद्यालय  व्यवस्थापन अनुदान | १३५०००० | १२३०००० | ९१.११ |
| १३ | गुणस्तर सृदृढीकरण एवं कार्यसम्पादन मूल्यांकन अनुदान | ११७१००० | १०७४०८९ | ९२ |
| १४ | छात्र तथा दलित छात्रवृत्ति कक्षा १-५ | १५२००० | १३८४०० | ९१.०५ |
| १५ | विपन्न लक्षित छात्रवृत्ति कक्षा ६ देखि माथि | १५५००० | १५५००० | १०० |
| १६ | नमूना विद्यालय भौतिक पूर्वाधार निर्माण | १००००००० | ९९९९०११ | ९९.९९ |
| | जम्मा | १०८९१३००० | ९६९४५४९७ | ८९.०१ |

## तालिका न. ८ : स्थानीय सरकारबाट विनियोजित बजेट,कार्यक्रम र कार्यन्वयन अवस्था

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | विनियोजन | खर्च | प्रगति **%** |
|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यपुस्तक निर्माण | २०००००० | १५५७१३० | ७७.७५ |
| २ | शैक्षिक क्यालेण्डर निर्माण | १००००० | ८६४०२ | ८६.४ |
| ३ | सुत्केरी सट्टा शिक्षक व्यवस्थापन | ४००००० | २००००० | ५० |
| ४ | ECD शिक्षक तथा कर्मचारी थप प्रोत्साहन | ५०१५००० | ४८१३२९१ | ९५.९८ |
| ५ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | १६००००० | १५४६८७१.७ | ९६.६७ |
| ६ | विद्यालय स्काउट प्रवर्धन कार्यक्रम | ३५०००० | ३५०००० | १०० |
| ७ | शिक्षक क्षमता विकास तालिम | ३५०००० | १५९२६५ | ५३.०९ |
| ८ | खेलकुद प्रशिक्षण र खेल सामाग्री व्वस्थापन | १२००००० | ११४२६४८ | ९५.२२ |
| ९ | गाउँपालिकास्तरिय अतिरिक्त क्रियाकलाप | ११०००० | १०९३९५ | ९९.४५ |
| १० | विविध (शिक्षक परिचय पत्र छपाई) अन्य | १००००० | ७३३७५ | ७३.३८ |
| ११ | अनिवार्य तथा निःशुल्क शिक्षा साझेदारी | १२५००० | १२५००० | १०० |
| १२ | प्र.अ.तथा विभिन्न समिति बैठक खर्च | ३००००० | १६००२० | ५३.३४ |

| | | | | |
|---|---|---|---|---|
| १३ | दिवा खाजा थप अनुदान | ८००००० | ७०८५३७ | ८८.५६ |
| १४ | नीलकण्ठ मा वि बस सेवा सञ्चालन | १०००००० | १०००००० | १०० |
| १५ | वडा बाहिरका शिक्षकलाई प्रोत्साहन अनुदान | ४००००० | ३१६००० | ७९ |
| १६ | मसलन्द थप अनुदान | ३३५००० | ३३५००० | १०० |
| १७ | अतिरिक्त कक्षा सञ्चालन | ७००००० | ६६९१७३ | ९५.६ |
| १८ | संघीय कार्यक्रममा साझेदारी | १००००० | १७२५० | १७.२५ |
| १९ | कक्षा ८ परीक्षा व्यवस्थापन | ३००००० | २४०२२५ | ८०.०८ |
| २० | विद्युतिय सामाग्री मर्मत | ५००००० | ३९८२३२ | ७९.६५ |
| २१ | प्र.अ. थप भत्ता | ७०००० | ६०००० | ८५.७१ |
| २२ | स्वयंसेवक शिक्षण सहयोग अनुदान | १४५०००० | ११३६४६० | ७८.३८ |
| २३ | शिक्षक डायरी | १००००० | ९०४०० | ९०.४० |
| २४ | उच्च शिक्षा अध्ययन छात्रवृत्ति | १३७०००० | ९१०००० | ६६.४२ |
| | जम्मा | २१४२१६०२ | १८२५४४५६.७ | ८५.२१ |

## ३.३. कार्यक्रम कार्यान्वयनका मुख्य समस्या तथा चुनौती :

संघ, स्थानीय सरकारबाट विनियोजित बजेट तथा कार्यक्रमहरुको कार्यन्वयन अवस्था सन्तोषजनक रहेको पाइन्छ। आ.ब २०८१ /८२ मा तीनै सरकारबाट विनियोजित कूल बजेटको करिब ९७.५३% बजेट कार्यान्वयन भएको छ । समयमै ससर्तको रकम नआउनु, बैदेशिक सहायताको रकम फुकुवा नहुनुलगायत अन्य केही प्राविधिक समस्याको कारण पूर्णरुपमा बजेट तथा कार्यक्रम कार्यन्वयन हुन सकेको छैन।

समस्या :

- संघीय सरकारबाट विनियोजित बजेट तथ्यांकको आधारमा भन्दा नि अघिल्लो वर्षको निरन्तरतामा आधारित हुनाले कार्यान्वयनमा समस्या रहेको, जस्तै पाठ्यपुस्तक, छात्रवृत्ति, विद्यालय संचालन अनुदान, पि.सि.फको लागि विनियोजित रकम अपुग हुनु।
- विद्यालय अनुदान व्यवस्थापन कार्यविधि २०७४ को आवश्यकता अनुसार संसोधन नहुदा कार्यविधिमा उल्लेखित कतिपय सूचक परिमार्जन गरी कार्य सम्पादनमा आधारित अनुदान वितरण गर्नुपरेको।
- शिक्षण सहायता अनुदानको कार्यान्वयनका लागि शिक्षा ऐनले तोके बमोजिमको योग्यता हासिल भएको शिक्षक व्यवस्थापन गर्न कठिनाइ परेको।
- विज्ञान प्रयोगशाला, पुस्तकालय तथा आई.सि.टि. व्यवस्थापन लगायतका कार्यक्रम कार्यान्वयन गर्न विद्यालयको वास्तविक आवश्यकतामा आधारित सूचकहरु नतोकिदा माध्यमिक

विद्यालयबाहेक अरु विद्यालयहरु लाभाम्वित हुन नसकेको साथै यस अन्तर्गतको बजेट न्यून हुदा उद्धेश्य अनुरुप नतिजा हासिल गर्न समस्या रहेको ।

चुनौतीहरु :

- पूर्वनिर्धारित सबै बजेट तथा कार्यक्रम समयमै सम्पन्न गर्न ।
- सबै विद्यालयहरुलाई एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अध्यावधिक गर्न लगाइ सोहि तथ्यांकको आधारमा कार्यक्रम कार्यन्वयन गर्न ।
- शिक्षा शाखामा जनशक्ति कम हुनु, उपलब्ध जनशक्तिले प्रशासनिक काममा बढी समय दिनुपर्ने भएकोले दिवाखाजा लगायत अन्य कार्यक्रमहरुको प्रभावकारी अनुगमन,सुपरिवेक्षण गर्न ।
- भौगोलिक विकटता र सूचना प्रविधिको विकास बिना नै सबै विद्यालय, विद्यार्थीहरुलाई वैकल्पिक सिकाइ सिकाइ सहजीकरणका कार्यक्रम कार्यन्वयन गर्न ।
- विद्यालयहरुमा लेखा शिक्षकको व्यवस्थापन गरी विद्यालयमा गएका सबै निकासाको शिर्षकगत खर्च गरी व्यवस्थित लेखा राख्न ।

## ३.४ कार्यक्रम कार्यन्वयनमा सुधारका उपाय :

- कार्यसम्पादनमा आधारित अनुदानको कार्यन्वयनको लागि कार्यक्रम कार्यन्वयन पुस्तिकामा नै स्पष्ट आधार र सूचकहरु तोकिनुपर्छ ।
- भौतिक पूर्वाधार निर्माणको लागि समयमा नै प्रयाप्त बजेट विनियोजन गरी अख्तियारी दिनुपर्छ ।
- विशेष परिस्थितिमा वैकल्पिक सिकाइ सहजीकरण गर्नको लागि विनियोजित बजेट गाउँ शिक्षा समितिको निर्णयानुसार स्थानीय आवश्यकता अनुरुप खर्च गर्ने परिपाटी मिलाउनुपर्छ ।
- दिवा खाजाको लागि रकम विनियोजान गर्दा विद्यालयमै खाजा व्यवस्थापन गर्न आवश्यक व्यवस्थापन खर्च समेतको रकम उपलब्ध गराउनुपर्छ ।
- विद्यालयमा बुक कर्नर, ल्याब, पुस्तकालय, विज्ञान प्रयोगशाला आदिकोको रकम विद्यार्थी संख्याको आधारमा भन्दा पनि आवश्यकता,औचित्यता र प्रभावकारिताको आधारमा छुट्याउनु पर्छ ।
- स्थानीय तहमा कार्यरत जनशक्तिलाई आ.व.को सुरुमै बजेट कार्यक्रम सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनुपर्छ ।

# परिच्छेद-४

# उपलब्धि तथा कार्यक्रमको बिस्तृतीकरण

## ४.१ शिक्षक दरवन्दी र दरवन्दी मिलानको प्रगति विवरण :

उत्तरगया गाउँपालिका संचालित १७ सामुदायिक, १ निजी विद्यालय १८ ओटा शैक्षिक संस्थाहरु रहेको छ। १७ ओटा विद्यालयमा आधारित बालविकास केन्द्रमा २२ वटा बालविकास केन्द्र सञ्चालित छन्। यस गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा रहेको शिक्षक दरवन्दी विवरण यस प्रकार छ।

तालिका न. ९ : विद्यालय र तहगत शिक्षक संख्या विवरणः

विद्यालयगत शिक्षक दरबन्दी विवरण २०८१

| क्र.स. | विद्यालयको नाम र ठेगाना | इमिस कोड | तह - प्राथमिक | | | | | | | तह - निम्न माध्यमिक | | | | | | | | | तह - माध्यमिक | | | | | | | | | तह - उच्च माध्यमिक | | | बा.विकास सहजकर्ता | वि. कर्मचारी | का. सहयोगी | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्वीकृत दरबन्दी स्थायी | | | | अस्थायी करार/राहत | | | स्वीकृत दरबन्दी स्थायी | | | | अस्थायी करार/राहत | | | संघीय अनुदान | प्रदेश अनुदान | स्वीकृत दरबन्दी स्थायी | | | | अस्थायी करार/राहत | | | संघीय अनुदान | प्रदेश अनुदान | अस्थायी करार/राहत | | | | | | | |
| | | | प्र | द्वि | तृ | ज | अ.करार | राहत | ज | प्र | द्वि | तृ | ज | अ.करार | राहत | ज | जम्मा | जम्मा | प्र | द्वि | तृ | ज | अ.करार | राहत | ज | जम्मा | जम्मा | करार | राहत | जम्मा | जम्मा | जम्मा | जम्मा | | |
| 1 | Malika Devi Basic School | 290100001 | | १ | २ | ३ | | | 0 | | | | 0 | | | 0 | | | | | | 0 | | | 0 | | | | | 0 | 1 | | 1 | 5 | |
| 2 | Chipleti Basic School | 290040006 | | | ३ | 3 | | | 0 | | | | 0 | | | 0 | | | | | | 0 | | | 0 | | | | | 0 | | | 2 | 5 | |
| 3 | Simle Basic School | 290150004 | | 1 | 1 | 2 | | | 0 | | | | 0 | | | 0 | | | | | | 0 | | | 0 | | | | | 0 | 1 | | 1 | 4 | |
| 4 | Nava Vijayee Mahendra Secondary School | 290100009 | 2 | 0 | 5 | 7 | | | 0 | | 1 | 1 | 2 | 1 | 1 | 2 | | | | | 1 | 1 | | 2 | 2 | | | | | 0 | 2 | 1 | 2 | 19 | |
| 5 | Dhunge Basic School | 290100002 | | 1 | 5 | 6 | | | 0 | | | | 0 | | 2 | 2 | | | | | 3 | 3 | 1 | | 1 | | | | 2 | 2 | 1 | 1 | 1 | 17 | |
| 6 | Dandagaun Secondary School | 290040007 | | 1 | 4 | 5 | | | 0 | | 1 | 1 | 2 | 1 | 1 | 2 | | | | | 1 | 1 | | 3 | 3 | | | | | 0 | 1 | | 1 | 15 | |
| 7 | Bhubaneshwari Basic School | 290100010 | | 2 | 1 | 3 | | | 0 | | | | 0 | | | 0 | | | | | | 0 | | | 0 | | | | | 0 | 1 | | 1 | 5 | |
| 8 | Bhimsensthan Basic School | 290100007 | | | 1 | 1 | | | 0 | | | | 0 | | | 0 | | | | | | 0 | | | 0 | | | | | 0 | 1 | | 1 | 3 | |
| 9 | neelakantha Secondary School | 290100005 | 1 | 5 | 3 | 9 | | | 0 | | | 5 | 5 | | | | | | 3 | 4 | | 7 | | | 0 | | | | | 0 | 3 | 1 | 3 | 28 | ७ प्रा प्रशिक्षक |
| 10 | Barahi Basic school | 290100004 | | 1 | 1 | 2 | | | 0 | | | | 0 | | | 0 | | | | | | 0 | | | 0 | | | | | 0 | 1 | | 1 | 4 | |
| 11 | Ganesh Basic School | 290040005 | | | 2 | 2 | | | 0 | | | | 0 | | | 0 | | | | | | 0 | | | 0 | | | | | 0 | 2 | | 1 | 5 | |
| 12 | Bhumedevi Secondary School | 290150002 | | | 4 | 4 | | 1 | 1 | | 2 | | 2 | 1 | | 1 | | | 1 | | | 1 | | | 0 | | | 3 | | 3 | 1 | 1 | 1 | 15 | |
| 13 | Panchalinge Adharbhut Bidyalaya | 290040003 | | | 5 | 5 | | | 1 | | | | 0 | | | 0 | 1 | | | | | 0 | | | 0 | | | | | 0 | 1 | | 1 | 9 | |
| 14 | Saraswati aadharbhut school | 290150001 | | 1 | | 1 | | | 0 | | | | 0 | | | 0 | | | | | | 0 | | | 0 | | | | | 0 | 1 | | 1 | 3 | |
| 15 | Tiru Basic School | 290080003 | | | 2 | 2 | | | 0 | | | | 0 | | | 0 | | | | | | 0 | | | 0 | | | | | 0 | 1 | | 2 | 5 | |
| 16 | Dipendra Basic school | 290040001 | | | 3 | 3 | | | 0 | | | | 0 | | | 0 | | | | | | 0 | | | 0 | | | | | 0 | 1 | | 1 | 5 | |
| 17 | Shiwalaya Adharbhut Vidyalaya | 290100008 | | 3 | 3 | 6 | | | 0 | | | | 0 | | 2 | 2 | | | | | | 0 | | | 0 | | | | | 0 | 1 | | 1 | 10 | |

यस आ.व.मा पालिकाले प्राप्त कूल दरवन्दीलाई विद्यालयमा रहेको विद्यार्थी संख्या, संचालित तह, विषयगत शिक्षकको उपलब्धता, मौजुदा दरवन्दी संख्या र विद्यालयको नक्सांकनको आधारमा गाउँ शिक्षा समितिको सिफारिसमा दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि निर्माण दरवन्दी मिलान तथा व्यवस्थापन गरेको छ साथै शुन्य विद्यार्थी संख्या कम भएको विद्यालयहरुलाई मर्ज गरिएको छ।

तालिका न. १० : आ.व २०८१/८१ मा मर्ज गरिएका विद्यालय विवरण

तालिका न. १० : आ.व २०८१/८१ मा मर्ज गरिएका विद्यालय विवरण

| मर्जिङ्ग विद्यालयको नाम | मर्ज भएको कक्षा | मर्ज भएको विद्यालय |
|---|---|---|
| श्री कालिका आ.वि. | बालविकास - कक्षा १-५ सम्म | श्री तिरु आ. वि. |
| श्री करुमर्याङ आ. वि. | बालविकास- कक्षा ३ सम्म | |
| श्री भुमेदेवि प्रा.वि | बालविकास- कक्षा ३ सम्म | |
| श्री बालउदय प्रा वि | बालविकास- कक्षा ३ सम्म | श्री चिप्लेटी आ.वि. |
| श्री अमरज्योति आ.वि. | बालविकास- कक्षा ३ सम्म | श्री नीलकण्ठ मा.वि. |

**मर्ज भएका विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीहरु यस अघि काजमा रहेका विद्यालयहरुमा पदस्थापना गरिएको छ ।**

## ४.२ उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढिकरणकको लागि अनुदान तथा तोकिएको सूचांकको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान कार्यान्वयन अवस्था :

यस पालिकामा उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुद्दीढिकरणकको लागि अनुदान तथा तोकिएको सूचांकको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान कार्यान्वयन गरिएको छ। आ.व. २०८१/८२ को बजेटमा व्यवस्था भए बमोजिमको अनुदान कक्षागत सिकाइ उपलब्धि,विद्यार्थी संख्या, विद्यालयले गरेको असल अभ्यास लगायतको सूचकहरु तोकी सोहि मूल्यांकनको आधारमा उत्कृष्ट ठहरिएका विद्यालयहरुलाई उक्त अनुदान उपलब्ध गराएको छ। उत्कृष्ट सिकाइ उपल्बिध भएका विद्यालयलाई सिकाइ सुद्दीढिकरणकको लागि अनुदानको मूल्याङ्कनका आधारलाइ अनुसूचीमा प्रस्तुत गरिएको छ। अनुदान पाउने विद्यालयहरुको विवरण यस प्रकार छ।

तालिका न.११ : तोकिएको सूचांकको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान वितरण विवरण

| क्र.स | विद्यालयको नाम | ठेगाना | वितरण गरेको अनुदान |
|---|---|---|---|
| १ | श्री नीलकण्ठ मा.वि | उत्तरगया, ५ बोगटीटार | रु. २०००००। |
| २ | श्री ढुंगे आ वि | उत्तरगया ४ ढुंगे | रु. ३००००००। |
| जम्मा | | | रु. ५,००,००० |

## ४.३.१ संघीय सरकार तथा स्थानीय तहबाट व्यवस्थापन गरिएको शिक्षण सहयोग अनुदान विवरणः

आर्थिक वर्ष २०८१/८२ मा नेपाल सरकार संघीय ससर्त अन्तर्गत शून्य दरवन्दी र १ मात्र दरवन्दी भएका आधारभूत तह (कक्षा ६-८) संचालित विद्यालयलाई विज्ञान विषयको शिक्षक दरबन्दी श्री पञ्चलिंगे आ.वि. मा व्यवस्थापन गरिएको छ।

तालिका न.१२ : स्थानीय सरकार निम्नमाध्यमिक, प्राथमिक, शिक्षण सहयोग अनुदान विवरण:

| क्र.स | वितरित विद्यालयको नाम | संख्या | तह | विषय |
|---|---|---|---|---|
| १ | श्री पञ्चलिंगे आ वि | १ | निम्नमाध्यमिक | अंगेजी |
| २ | श्री ढुंगे आ वि | १ | प्राथमिक | |
| ३ | श्री भुवनेश्वरी आ वि | १ | प्राथमिक | |
| ४ | श्री डाँडागाउँ मा वि | १ | विद्यालय सहयोगी | |
| ५ | श्री भुमेदेवि मा वि | १ | विद्यालय सहायक | |

| | | | | |
|---|---|---|---|---|
| ६ | श्री नवविजयी महेन्द्र मा वि | १ | विद्यालय सहयोगी | |

## ४.४ विद्यालयमा विज्ञान प्रयोगशाला, ICT ल्याब, पुस्तकालय तथा इन्टरनेट पुगेका विद्यालयहरुको अवस्था :

यस पालिकामा संचालित केही माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला, ICT ल्याब, पुस्तकालय तथा इन्टरनेटको सुबिधा पुगेको छ। यस पालिका अन्तर्गत सञ्चालित सबै माध्यमिक विद्यालय र २ वटा आधारभूत (६-८) सञ्चालित विद्यालयमा समेत विज्ञान प्रयोगशाला, ICT ल्याब, पुस्तकालय व्यवस्थापन भैसकेको र १७ वटै विद्यालयमा इन्टरनेट जडान भएको छ।

## ४.५ विद्यालय सुपरिवेक्षण तथा शिक्षकलाई पेशागत सहयोगको स्थिति :

शिक्षा शाखामा कार्यरत जनशक्ति प्राय: प्रशासनिक कार्यमा व्यस्त हुनुपर्ने वाध्यताको बाबजुत पनि समय समयमा गाउँपालिकाका पदाधिकारीहरुसहित विद्यालयहरु को अनुगमन भै रहेको छ। अनुगमनको क्रममा विद्यालयको शैक्षिक,भौतिक,आर्थिक पक्षको अनुगमन गरि सोको अभिलेखीकरण गर्ने गरिएको छ। यसै आ.व.मा अनुगमन समिति गठन गरि सोहि समितिद्धारा अनुगमनलाई प्रशासनिक भन्दा पनि शैक्षिक सुपरिवेक्षणको रुपमा आत्मसाथ गर्दै शिक्षकको पेसागत दक्षता विकास गरी शैक्षिक उपलब्धि वृद्धि गर्ने दिशातर्फ केन्द्रित गर्दै लगिएको छ। प्रश्नपत्र निर्माण कार्यशाला लगायत मागमा आधारित छोटो तालिम संचालन गरिएको छ। साथै विषयगतरुपमा विद्यालयमै पेसागत सहयोग कार्यक्रम संचालन समेत गरिएको छ। विद्यालय अनुगमनका आधार तथा सूचकहरु अनुसूचीमा प्रस्तुत गरिएको छ।

आ.व २०८१/८२ मा शिक्षकको पेसागत क्षमता अभिवृद्धि गर्न शिक्षा तालिम केन्द्र, शिक्षा विकास तथा समन्वय इकाई र पालिकाबाट तपसिल बमोजिम तालिम कार्यक्रम संचालन भयो।

तालिका न.१३ आ.व २०८१/८२ मा संचालन भएका क्षमता विकास तालिम र सहभागी विवरणः

| क.स | तालिमको नाम | संचालन गर्ने निकाय | अवधि | सहभागी शिक्षक/कर्मचारी संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | आधारभूत तहका शिक्षकहरुको लागि | शिक्षा तालिम केन्द्र | ५ दिन | ३० जना | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कष्टमाइज तालिम | | | | |
| २. | आधारभूत तहका शिक्षकहरुका लागि अंग्रेजी विषयको शिक्षण तालिम | उत्तरगया गाउँपालिका | ३ दिन | २८ जना | |
| ३. | स्थानीय पाठ्यपुस्तक लेखन कार्यशाला | उत्तरगया गाउँपालिका | ३ दिन | २० जना | |
| ४. | ReAL Plan अभिमुखीकरण | उत्तरगया गाउँपालिका | १ दिन | २० जना | |
| ५. | बालविकास सहजकर्ताका लागि मन्टेश्वरी विधिमा आधारित क्षमता विकास तालिम | उत्तरगया गाउँपालिका | ५ दिन | २२ जना | |
| ६. | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यन्वयन अभिमुखिकरण | उत्तरगया गाउँपालिका | १ दिन | २० जना | |
| ७. | कक्षा ८ को Item writing | उत्तरगया गाउँपालिका | १ दिन | १८ जना | |

## ४.६ बाल कक्षा, बालविकास सहजकर्ता व्यवस्थापन :

यस पालिकामा बालविकास केन्द्र २२ रहेको छ । सबै बालविकास केन्द्र विद्यालयमा आधारित रहेका छन् ।बालविकास केन्द्रहरुमा बालबालिकाको लागि पर्याप्त शैक्षिक सामग्री, उपयुक्त कक्षाकोठा खेलकुद सामग्रीको राम्रो व्यवस्थापन भएको छ, खेलमैदान प्रभावकारी व्यवस्थापन गरी बालविकास सहजकर्तालाई उचित तालिमको प्रवन्ध गरिएको छ ।

तालिका न.१४   बालविकास सहजकर्ताको दरवन्दी विवरणः

| क्र.स | विद्यालयको नाम | ठेगाना | दरबन्दी संख्या |
|---|---|---|---|
| १ | श्री तिरु आधारभूत विद्यालय | उत्तरगया-१, तिरु | १ |
| २ | श्री चिप्लेटी आधारभूत विद्यालय | उत्तरगया-१, सल्लेटार | ० |
| ३ | श्री गणेश आधारभूत विद्यालय | उत्तरगया-१, सिरुचेत | २ |
| ४ | श्री पञ्चलिङ्गे आधारभूत विद्यालय | उत्तरगया-२, खड्कु | १ |
| ५ | श्री दिपेन्द्र आधारभूत विद्यालय | उत्तरगया-२, कटुन्जे | १ |
| ६ | श्री डाँडागाउँ माध्यमिक विद्यालय | उत्तरगया-२, डाँडागाउँ | १ |
| ७ | श्री सिम्ले आधारभूत  विद्यालय | उत्तरगया-२, सिम्ले | १ |
| ८ | श्री भुमेदेवि माध्यमिक विद्यालय | उत्तरगया-३,  ठुलोगाउँ | १ |
| ९ | श्री सरस्वती आधारभूत  विद्यालय | उत्तरगया-३, पैरे | १ |
| १० | श्री मालिकादेवि आधारभूत विद्यालय | उत्तरगया-४, कुवापानी | १ |
| ११ | श्री नवविजयी महेन्द्र माध्यमिक विद्यालय | उत्तरगया-४, भलायडाँडा | २ |
| १२ | श्री ढुँगे आधारभूत विद्यालय | उत्तरगया-४, ढुँगे | १ |
| १३ | श्री भुवनेश्वरी आधारभूत विद्यालय | उत्तरगया-४, मणिगाउँ | १ |
| १४ | श्री भिमसेनस्थान आधारभूत विद्यालय | उत्तरगया-५, माझगाउँ | १ |
| १५ | श्री बाराही आधारभूत विद्यालय | उत्तरगया-५, बनुवा | १ |
| १६ | श्री शिवालय आधारभूत विद्यालय | उत्तरगया-५, लहरे | १ |
| १७ | श्री नीलकण्ठ माध्यमिक विद्यालय | उत्तरगया-५, बोगटिटार | ३ |

## ४.७ विद्यालय सुधार योजना निर्माण र सामाजिक परिक्षणको अवस्था :

पालिकाका संचालित सबै विद्यालय,बालविकास केन्द्र र सामुदायिक सिकाइ केन्द्रलाई विद्यालय सुधार योजना,सामाजिक लेखा परिक्षण तथा आर्थिक लेखा परिक्षणको आधारमा अनुदानको व्यवस्थापन

गरिएको छ । आ.व २०८०/८१ को अन्त्यसम्म सामाजिक परिक्षण, वार्षिक लेखा परिक्षण र विद्यालय सुधार योजना निर्माण गर्ने विद्यालय तथा शैक्षिक संस्थाको विवरण यस प्रकार छ ।

| सामाजिक लेखा परिक्षण गर्ने शैक्षिक संस्था | आर्थिक लेखा परिक्षण गर्ने शैक्षिक संस्था | विद्यालय सुधार योजना अध्यावधिक गर्ने विद्यालय | कैफियत |
|---|---|---|---|
| १७ | १७ | १७ | |

## ४.८ सिकाइ क्षतिको आपुरण तथा द्रुत सिकाइ योजना (Recovery and Accelerated Learning (ReAL) Plan) कार्यान्वयनको अवस्था :

कोभिड -१९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण तथा अन्य विपद् समयमा सिकाई निरन्तरता कार्यक्रम अन्तर्गत सिकाइ क्षतिको आपुरण तथा द्रुत सिकाइ योजना (Recovery and Accelerated Learning (ReAL) Plan ) कार्यक्रमको लागि यस आ.व.मा यस पालिकालाई रु. ८०००००।आठ लाख हस्तान्तरण भएको थियो । कार्यक्रमको कार्यान्वयन लागि पालिका भित्रका कक्षा ३-८ संचालित १५ ओटा विद्यालयका प्रधानाध्यापक र जनप्रतिनिधिलाई पहिलो चरणमा अभिमुखीकरण संचालन भयो । तत् पश्चात विद्यार्थीको सिकाइ स्तर पत्ता लगाउन १५ ओटै विद्यालयले baseline परीक्षा संचालन गरी IEMIS मा मार्क प्रविष्ट गर्ने काम भयो । करिव ५ हप्ताको थप सिकाइ सहायता पश्चात पुन endline परीक्षा संचालन गरियो । हाल १५ ओटा विद्यालयले baseline र endline परीक्षामा विद्यार्थीले प्राप्त गरेको अंक IEMIS मा प्रविष्ट भैसकेको छ । कोभिड-१९ को विपद् भएको शैक्षिक क्षतिको परिपूरण गर्ने यो कार्यक्रम ज्यादै प्रभावकारी रहेको देखियो ।


## ४.९ छात्रवृत्ति वितरण :

यस पालिकाले प्रत्येक वर्ष नेपाल सरकारबाट प्राप्त आवासीय तथा गैर आवासीय छात्रवृत्ति विद्यालयले IEMIS मा उल्लेख गरेको विद्यार्थी संख्याको आधारमा वितरण गर्ने गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ मा तोकिए बमोजिम कक्षा १ देखि कक्षा ५ सम्म अध्ययनरत ३१६ जना विद्यार्थीहरु लाई शैक्षिक सत्र २०८१ को छात्रवृत्ति वितरण तपसिल बमोजिम गरिएको छ । विद्यालयगत विद्यार्थी विवरण अनुसूचीमा प्रस्तुत गरिएको छ ।

## तालिका न. १५ : छात्रवृत्ति विवरण-२०८१/८२

| क्र सं | विद्यालायहरुको नाम | विद्यार्थी संख्या विवरण | | | निकासा रकम | | | जम्मा निकासा रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | कक्षा (१-५) छात्रा | कक्षा (१-५) दलित | अपाङ्गता भएका | छात्रा | दलित | अपाङ्गता | |
| १ | श्री तिरु आ वि | १३ | | | ५२०० | ० | | ५२०० |
| २ | श्री चिप्लेटी आ वि | ६ | ० | ० | २४०० | ० | | २४०० |
| ३ | श्री गणेश आ वि | ७ | | | २८०० | ० | | २८०० |
| ४ | श्री पञ्चलिङ्गे आ वि | १९ | | | ७६०० | ० | | ७६०० |
| ५ | श्री दिपेन्द्र आ वि | १० | | | ४००० | ० | | ४००० |
| ६ | श्री डाँडागाउँ मा वि | २० | ० | ० | ८००० | ० | | ८००० |
| ७ | श्री सिम्ले आ वि | ६ | | | २४०० | ० | | २४०० |
| ८ | श्री भुमेदेवी मा वि | २१ | ८ | | ८४०० | ३२०० | | ११६०० |
| ९ | श्री सरस्वती आ वि | ३ | १ | | १२०० | ४०० | | १६०० |
| १० | श्री मालिका देवी आ वि | १२ | १ | | ४८०० | ४०० | | ५२०० |
| ११ | श्री नवविजयी म मा वि | १८ | ४ | | ७२०० | १६०० | | ८८०० |
| १२ | श्री भुवनेश्वरी आ वि | १५ | | | ६००० | ० | | ६००० |
| १३ | श्री ढुङ्गे आ वि | २४ | ३ | १ | ९६०० | १२०० | ५००० | १५८०० |
| १४ | श्री भिमसेनस्थान आ वि | ३ | २ | | १२०० | ८०० | | २००० |
| १५ | श्री बाराही आ वि | ५ | १ | | २००० | ४०० | | २४०० |
| १६ | श्री शिवालय आ वि | ८ | ५ | | ३२०० | २००० | | ५२०० |
| १७ | श्री नीलकण्ठ मा वि | १०० | १ | ० | ४०००० | ४०० | | ४०४०० |
| **जम्मा** | | २९० | २६ | १ | ११६००० | १०४०० | ५००० | १३१४०० |

| छात्रा छात्रवृत्ति | अपाङ्ग छात्रवृत्ति | दलित छात्रवृत्ति | जम्मा विद्यार्थी | जम्मा रकम रु. |
|---|---|---|---|---|
| २९० | १ | २६ | ३१६ | १३१४०० |




साथै यसै आर्थिक बर्षमा ३ बिद्यालयका शैक्षिक सत्र २०८१ मा कक्षा ५ र ८ मा अध्ययनरत १९ र ८ जना गरी जम्मा २७ जना विद्यार्थीले विपन्न लक्षित छात्रावृत्ति प्राप्त गरेका थिए । जुन तपसिल बमोजिम रहेको छ ।

तालिका न. १६ : विपन्न लक्षित छात्रवृत्ति प्राप्त गर्ने विद्यालय र विद्यार्थी - २०८१।८२

| सि.न. | विद्यालयको नाम | विद्यार्थी संख्या | | जम्मा | निकासा रकम |
|---|---|---|---|---|---|
| | | कक्षा ५ | कक्षा ८ | | |
| १ | श्री नीलकण्ठ मा.वि | १३ | १ | १४ | ८४००० |
| २ | श्री नवविजयी महेन्द्र मा.वि | ५ | ७ | १२ | ७२००० |
| ३ | श्री ढुंगे आ वि | १ | | १ | ६००० |
| जम्मा | | १९ | ८ | २७ | १६२००० |

## ४.११ प्राविधिक विद्यालय र अवस्था :

उत्तरगया गाउँपालिकामा प्राविधिक धार सञ्चालित १ विद्यालय रहेको छ । उत्तरगया गाउँपालिकाको वडा न. ५ स्थित श्री नीलकण्ठ माध्यमिक विद्यालयमा कम्प्युटर विज्ञान विषयमा कक्षा ९ देखि १२ सम्म  पठनपाठन भैरहेको छ।

## ४.१२ नमुना विद्यालयको अवस्था :

उत्तरगया गाउँपालिकाको वडा न. ५ स्थित श्री नीलकण्ठ माध्यमिक विद्यालय शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट २०७६।०७७ छनौट भएको छ।नमूना विद्यालय विकासको लागि छनौट भए पश्चात विद्यालयले  गुरु योजना निर्माण गरी मन्त्रालय र स्थानीय तहबाट स्वीकृत छ । गुरु योजना अनुरुप विद्यालयको भौतिक पूर्वाधार निर्माणका कामहरु अघि बढिरहेको अवस्था छ।आ व २०८२।०८३ को बजेट नै यो नमूना विद्यालयको भौतिक निर्माण तर्फको बजेट अन्तिम बजेट हो।नमूना विद्यालयको शैक्षिक व्यवस्थापन कार्यक्रम अन्तर्गत बर्षेनी १० लाख बजेट विनियोजन भई देहाय अनुसारका कार्यसम्पादन भई भएको छ ।

तालिका नं १७: नमूना विद्यालयको शैक्षिक व्यवस्थापन अनुदान

| क्र.स. | खर्च शिर्षक | खर्च भएको रकम | करकट्टी | निकासा भएको रकम |
|---|---|---|---|---|
| १ | शैक्षिक भ्रमण | १००००० | १५०० | ९८५०० |
| २ | दिवा खाजा कक्षा (६-८) | २००००० | ३००० | १९७००० |
| ३ | दिवा खाजा बनाउने भान्से | १४४००० | २१६० | १४१८४० |
| ४ | सरसफाई कर्मचारी | १४४००० | २१६० | १४१८४० |
| ५ | कक्षा शिक्षक मासिक भत्ता | १०२००० | १५३०० | ८६७०० |
| ६ | काउन्सिलर भत्ता | १२००० | १८०० | १०२०० |
| ७ | तह्गत इन्चार्ज भत्ता | ४८००० | ७२०० | ४०८०० |
| ८ | खेलकुद शिक्षक उत्प्रेरणा | ६००० | ९०० | ५१०० |
| ९ | कर्मचारी उत्प्रेरणा | ४८००० | ७२० | ४७२८० |
| १० | प्र अ तथा लेखापाल भत्ता | ११७६०० | १७६४० | ९९९६० |
| जम्मा | | ९२१६०० | ५२३८० | ८६९२२० |

## ४.१३ विद्यालय भौतिक सुविधा :

महाविनासकारी भूकम्पको कारण धेरै विद्यालयहरुको भौतिक संरचनामा ठुलो क्षति बेहोर्नु परेको थियो । हाल अधिकांश विद्यालयको विद्यालय भवन निर्माण भैसकेको अवस्था छ भने केही विद्यालयहरु निर्माणको चरणमै रहेको र केही विद्यालयमा अझै पनि विद्यालय भवन लगायतका संरचना निर्माण हुन सकेको छैन । भौगोलिक संरचना र जग्गा अभावको कारण प्राय विद्यालयहरुमा खेलकुद मैदानको अभाव छ । विद्यालयमा घेरावारको निर्माण गर्न सकिएको छैन । विद्यालयको भौतिक अवस्थालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ । तालिकामा कलर विद्यालयमा भएको भौतिक अवस्थाको उपलब्धतालाई जनाउछ ।

तालिका नं १८: विद्यालयको भौतिक अवस्थाको विववरण:

| क.स | विद्यालयको नाम | विद्यालय भवन | घेरावार | खानेपानी | खेलकूद मैदान | पुस्तकालय | ICT LAB /INTERNET | SCI LAB | शौचालय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री तिरु आ वि | पक्की | आंशिक | छ | छ | | छ | | छ |
| २ | श्री चिप्लेटी आ वि | पक्की | पुर्ण | छ | छ | छ | छ | | छ |
| ३ | श्री गणेश आ वि | पक्की | पुर्ण | छ | छ | | छ | | छ |
| ४ | श्री पञ्चलिङ्गे आ वि | पक्की | पुर्ण | छ | अपर्याप्त | छ | छ | छ | अपर्याप्त |
| ५ | श्री दिपेन्द्र आ वि | पक्की | पुर्ण | छ | छ | | छ | | छ |
| ६ | श्री डाँडागाउँ मा वि | पक्की | पुर्ण | छ | छ | छ | छ ICT LAB | छ | छ |
| ७ | श्री सिम्ले आ वि | पक्की | पुर्ण | छ | छ | | छ | | छ |
| ८ | श्री भुमेदेवी मा वि | पक्की | पुर्ण | छ | छ | छ | छ ICT LAB | छ | छ |
| ९ | श्री सरस्वती आ वि | पक्की | पुर्ण | छ | छ | | छ | | छ |
| १० | श्री मालिका देवी आ वि | पक्की | आंशिक | छ | अपर्याप्त | | छ | | छ |
| ११ | श्री नवविजयी म मा वि | पक्की | पुर्ण | छ | अपर्याप्त | छ | छ ICT LAB | छ | छ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | श्री भुवनेश्वरी आ वि | पक्की | पुर्ण | छ | छ | | छ | | छ |
| १३ | श्री ढुङ्गे आ वि | पक्की | आंशिक | छ | अपर्याप्त | अपर्याप्त | छ ICT LAB | छ | छ |
| १४ | श्री भिमसेनस्थान आ वि | पक्की | आंशिक | छ | छ | | छ | | छ |
| १५ | श्री बाराही आ वि | पक्की | आंशिक | छ | अपर्याप्त | | छ | | अपर्याप्त |
| १६ | श्री शिवालय आ वि | पक्की | आंशिक | छ | अपर्याप्त | छ | छ ICT LAB | | छ |
| १७ | श्री नीलकण्ठ मा वि | पक्की | पुर्ण | छ | छ | छ | छ ICT LAB | छ | छ |

## ४.१४ विद्यालय सुशासन तथा पारदर्शितामा गरिएका प्रयास :

यस सम्बन्धमा गाउपालिकाबाट प्रदान गरिने विभिन्न सेवा तथा कार्यहरुलाइ कसरी छिटो, छरितो र प्रभावकारीरुपमा विद्यालय, शिक्षक र विद्यार्थी समक्ष पुर्याउने भन्ने विषयमा शिक्षा,युवा तथा खेलकुद शाखा लागि परेको छ। आफ्नो शाखाले गर्ने सम्पूर्ण कार्यहरु तोकिएको समयमै सम्पन्न गर्न वार्षिक कार्य योजना निर्माण गर्ने गरेको छ। साथै सामाजिक संजाल र विद्युतिय माध्यमको प्रयोग गरी शिक्षा शाखाबाट सम्पादन गरिने सम्पूर्ण शैक्षिक गतिविधिलाई पारदर्शी ढंगले सरोकारवाला समक्ष पुर्याउने गरिएको छ। शैक्षिक सूचना र शिक्षा सम्बन्धी सूचना प्रवाहको लागि फेसबुक पेज तथा ह्वाट्सएप ग्रुपजस्ता प्लेटफर्म संचालन गरिएको छ।विद्यालयबाट सञ्चालित गतिविधिहरुमा सुशासन तथा पारदर्शिता कायम गरी गुणस्तरीय शिक्षा विकासका लागि हरेक विद्यालयलाई सामाजिक परीक्षण, लेखापरीक्षण, सार्वजनिक सुनुवाइ जस्ता सुशासनका औजारहरुको कार्यान्वयन गराउने र सोको कार्यान्वयन गरे नगरेको सम्बन्धमा निरीक्षण अनुगमन गर्ने गरिएको छ ।

साथै शिक्षा सम्बन्धी विषयमा पालिका स्तरमा निर्णय लिन तथा कार्यपालिकालाई सिफारिस गर्ने गाउँ शिक्षा समिति र वडास्तरीय शैक्षिक क्रियाकलाप संचालन गर्न ५ वटै वडामा वडा शिक्षा समिति गठन भएको छ । आन्तरिक परीक्षा व्यवस्थापन गर्न पालिका स्तरीय परिक्षा समिति गठन कार्य संचालन भैरहेको छ ।आधारभूत शिक्षा परीक्षा संचालनको लागि पालिकास्तरको आधारभूत शिक्षा परीक्षा समितिले काम गरिरहेको छ । पालिकाले प्रत्येक बर्षको अन्त्यमा निकासापत्र तयार गरी विद्यालयलाई वितरणसमेत गर्ने गरेको छ ।

## १.प्रधानाध्यापक बैठक :

यस पालिकामा हरेक २ महिनामा कम्तीमा १ प्रधानाध्यापक बैठक बसी विभिन्न विषयमा छलफल गर्ने गरि आ.व २०८१/८२ मा भौगोलिक विकटताको कारण यस आ.ब. मा जम्मा ३ पटक प्रधानाध्यापकहरु बैठक बसेको छ। उक्त बैठकमा शिक्षा शाखाका कर्मचारी, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, सामाजिक विकास समितिका संयोजक तथा प्रमुख प्रशासकिय अधिकृतलाई आमन्त्रण गरी विभिन्न विषयमा छलफल गरि निर्णयमा पुग्ने गरिन्छ। प्रधानाध्यापक बैठकमा छलफल हुने गरेका मुख्य मुख्य बुँदाहरु यस प्रकार छन्।

- सबै विद्यालयले तोकिएको समयमै IEMIS अध्यावधिक गर्ने।
- सिकाइ उपलब्धि वृद्धि गर्ने सम्बन्धमा अनुभव साटासाट गर्ने।
- शिक्षकको क्षमता विकास तथा तालिम संचालन सम्बन्धमा।
- गाउँपालिका स्तरीय परिक्षा, आधारभूत तहको परीक्षा संचालन तथा मूल्यांकन सम्बन्धमा।
- गाउँपालिका,प्रदेश तथा संघिय सरकारको शैक्षिक कार्यक्रम अभिमुखीकरण सम्बन्धमा।
- शिक्षक व्यवस्थापन सम्बन्धमा।

## २.गाउँ शिक्षा समिति बैठक :

यस पालिकामा शिक्षा सम्बन्धि गाउँपालिका स्तरिय निर्णयहरुको लागि आवश्यकता अनुसार गाउँ शिक्षा समितिको बैठक बसी निर्णय गर्ने गरेको छ। आ.व २०८१/८२ मा गाउँ शिक्षा समितिको जम्मा ८ ओटा बैठक बसेको अवस्था छ। गाउँ शिक्षा समितिले निम्न विषयबस्तुमा छलफल गरी निर्णय गरेको पाइन्छ।

- बालविकास केन्द्र संचालन अनुमति,कक्षा थप अनुमतिको गाउँकार्यपालिका समक्ष सिफारिस ।
- दरवन्दी मिलान तथा शिक्षक सरुवा।
- पालिका स्तरीय परीक्षा समिति गठन तथा विद्यालय अनुगमन समिति गठन ।
- विद्यालय समायोजन तथा बन्द गर्ने सम्बन्धमा।
- संघ,प्रदेशबाट प्राप्त शिक्षक दरवन्दी वितरण।
- विभिन्न अनुदान वितरणमा मापदण्ड निर्माण गरी गाउँकार्यपालिका तथा गाउँसभामा सिफारिस।
- अन्य शैक्षिक गतिविधिबारे।

३. परीक्षा समिति

४. विषयगत समिति

३. बेरुजु तथा बेरुजु फर्छ्यौटको अवस्था :

यस पालिकामा संचालित सम्पूर्ण शैक्षिक संस्थाहरुले तोकिएको समय भित्रै सामाजिक परीक्षण तथा वार्षिक लेखा परिक्षण गर्ने गरेको छ। शिक्षा तर्फ महालेखा परीक्षकले औल्याएका बेरुजुलाई कडाइका साथ रुजु गर्ने कार्य भएको छ ।

## ४.१५ स्थानीय तहले आन्तरिक स्रोत अन्तर्गत संचालित कार्यक्रम तथा उपलब्धि :

### आ.व.२०८१/८२मा पालिकाबाट सम्पादन गरिएका मुख्य मुख्य कार्यहरुः

- ५ वटै वडामा वडा शिक्षा समिति गठन, वडा घोषणासहित उत्तरगया गाउँपालिकालाई अनिवार्य तथा निशुल्क शिक्षा लागू भएको पालिका घोषणा कार्यक्रम, विद्यालय छोडेका ७ जना बालबालिकालाई विद्यालयमा भर्ना गरिएको
- १२ ओटा विद्यालयको १२ ओटा कक्षाकोठालाई बालमैत्री कक्षाकोठाको रुपमा व्यस्थापन गरिएको
- सम्पूर्ण बालबिकास शिक्षकको लागि ५ दिने मन्टेश्वरी तालिम संचालन
- आधारभूत तहका शिक्षकहरुलाई ३ दिने अंग्रेजी शिक्षण तालिम संचालन
- शिक्षा तालिम केन्द्रको सहकार्यमा एकीकृत पाठ्यक्रमको ५ दिने क्षमता विकास तालिम संचालन
- ReAL Plan लाई प्रभावकारी रुपमा कार्यान्वियन गरिएको
- शैक्षिक क्यालेण्डर , बार्षिक कार्ययोजना निर्माण, शिक्षक डायरी उपलब्धता
- कक्षा ८ को प्रश्न निर्माण Item writing कार्यशाला संचालन
- स्थानीय विषय शिक्षक भेला तथा स्थानीय पाठ्यपुस्तक निर्माण कार्यशाला संचालन
- राष्ट्रपति रनिंङ शिल्ड प्रतियोगिता लगायत अन्य खेलकूद कार्यक्रम संचालन
- विद्यालय नक्सांङ्कन , दरबन्दी मिलान शिक्षक व्यवस्थापन, बिद्यालय मर्ज सम्बन्धी कार्य गरिएको
- प्रसुती सट्टा शिक्षक व्यवस्थापन कार्यविधि निर्माण गरी सोहि बमोजिम सट्टा शिक्षक व्यवस्थापन
- शिक्षक हुनुहुन्छ र म पनि (सहपाठी शिक्षक )कार्यक्रम
- ढुंगे आ वि ४ कोठे भवन निर्माण
- निम्न माध्यमिक तथा माध्यमिक विद्यालयहरुमा स्काउट प्रवर्द्धनात्मक कार्यक्रम स्काउट ट्रुप स्थापना तथा सञ्चालन

- नियमित विद्यालय अनुगमन तथा सुपरिवेक्षण, पेशागत सहयोग, SMC, PTA अन्तक्रिया संचालन
- पालिका स्तरिय शैक्षिक सामग्री निर्माण तथा प्रदर्शनी कार्यशाला संचालन
- उत्कृष्ठ अभिभावक,विधालय, शिक्षक विद्यार्थी सम्मान तथा प्रोत्साहन कार्यक्रम
- आन्तरिक मूल्यांकन अभिलेख व्यवस्थापन तथा परीक्षा व्यवस्थापन तालिम संचालन
- शिक्षक कर्मचारी परिचय पत्र वितरण कार्यक्रम
- व्यवस्थित रुपमा गाउँपालिका स्तरीय आधारभूत शिक्षा परीक्षा कक्षा ८ परीक्षा सन्चालन गरिएको
- पालिका भित्रका विद्यालयमा अस्थायी करार शिक्षक कर्मचारी छनौट परीक्षा संचालन
- विद्यार्थीको लागि विभिन्न अतिरिक्त क्रियाकलाप संचालन
- प्रधानाध्यापक प्रोत्साहन कार्यक्रम संचालन
- बालविकास सहजकर्ता विद्यालय सहायक तथा विद्यालय सहयोगीहरुलाई प्रोत्साहन थप
- वडा नं १ र २ का ३ वटा विद्यालयमा कार्यरत सम्बन्धित वडा बाहिरका शिक्षकहरुलाई दुर्गम भत्ता व्यवस्थापन
- नीलकण्ठ मा.वि. विद्यालय बस सञ्चालन अनुदान तथा व्यवस्थापन
- उच्च शिक्षाका विभिन्न विषयमा अध्ययनरत यस गाउँपालिकामा स्थायी ठेगाना भएका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण
- अन्य नियमित प्रशासनिक कार्यहरु

# परिच्छेद-५

## असल अभ्यास, प्रमुख उपलब्धि, चुनौती तथा समाधानका उपायहरु

### ५.१ असल अभ्यास

यस गाउँपालिकाले संचालन गरेको देहायका क्रियाकलाप तथा शैक्षिक गतिविधिलाई पालिकाको शैक्षिक क्षेत्रमा भएको असल अभ्यासको रुपमा लिन सकिन्छ :

- विद्यालयमा खेलकुदको विकास गर्न सबै बिद्यालयमा खेलकुद सामग्री वितरण गर्नुको साथै ३ जना खेलकुद प्रशिक्षक नियुक्त गरिएको छ।
- दिवा खाजा कार्यक्रममा रु.५ थप गरी व्यवस्थित गरिएको छ ।
- प्रसुती सट्टा शिक्षक व्यवस्थापन गरिएको छ ।

- SEE तथा BLE को नतिजा सुधारको लागि निशुल्क ट्युसन कक्षाको व्यवस्था गरिएको छ।
- शिक्षक दरवन्दी कम भएको विद्यालयलाई थप शिक्षक व्यवस्थापनको लागि अनुदान वितरण गरेको छ।
- विषयगत दरवन्दी नभएका र कम भएका विद्यालयहरुको लागि पालिकाले दरबन्दी सिर्जना गरि शिक्षकको व्यवस्थापन गरेको छ।
- पालिकाले आफ्नै स्रोतबाट सबै विद्यालयका बाल विकास सहजकर्ता,कार्यालय सहयोगी,सहायक कर्मचारीलाई न्यूनतम तलब भत्ता र प्रोत्साहन भत्ता उपलब्ध गराएको छ।
- करार शिक्षक, विद्यालय कर्मचारी छनौट प्रक्रियालाई व्यवस्थित गरिएको छ।
- नियमित तथा गाउँ शिक्षा समिति र प्रधानाध्यापक बैठक बसी विविध शैक्षिक समस्याको समाधान गर्ने गरिएको छ।
- प्र.अ/शिक्षक/कर्मचारीको पेशागत विकासको लागि मागमा आधारित तालिमहरु नियमित रुपमा संचालन गरिएको छ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता समयमै सम्पन्न गरिएको छ। साथै पालिकास्तरीय अतिरिक्त क्रियाकलापलाई विशेष जोड दिई कार्यक्रम संचालन गर्ने गरिएको छ।
- विद्यालय सुपरिवेक्षण तथा शिक्षकलाई पेशागत सहयोगमा विशेष ध्यान दिईएको छ।
- विद्यालयहरुको माग र आवश्यकताको आधारमा प्राथमिकीकरण गरी अनुदान वितरण गरी यसमा पारदर्शिता ल्याइएको छ।
- शिक्षा शाखाले वार्षिक कार्ययोजना तथा कार्य विवरण तयार गरि कार्यसम्पादन गर्ने गरेको छ।
- पालिकाले मथिल्लो निकायहरुसंग राम्रो समन्वय, सहकार्य गरि शैक्षिक गतिविधिलाई अघि बढाउदै आईरहेको छ।
- दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गरिएको छ।
- विद्यार्थी मूल्यांकन प्रणालीलाई थप व्यवस्थित बनाइएको छ।
- नीलकण्ठ मा वि विद्यालय बस सञ्चालन अनुदान तथा व्यवस्थापन
- उच्च शिक्षाका विभिन्न विषयमा अध्ययनरत यस गाउँपालिकामा स्थायी ठेगाना भएका विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण
- अन्य नियमित प्रशासनिक कार्यहरु

## ५.२अनिवार्य तथा निशुल्क शिक्षा घोषणा कार्यक्रमः

बागमती प्रदेश सरकार, शिक्षा विकास निर्देशनालयको आर्थिक सहयोगमा पालिकाले अनिवार्य तथा निशुल्क शिक्षा लागू भएको पालिका घोषणा गरेको छ, जस अन्तर्गत तपसिल बमोजिम ११ ओटा क्रियाकलापहरु संचालन भएको थियो।

- कार्यक्रम प्रस्तावना पेश
- कार्यक्रम सम्झौता

- कार्यपालिका सदस्य तथा शाखा प्रमुखहरुलाई कार्यक्रम कार्यान्वयनबारे पूर्व अभिमुखिकरण
- अनुगमन सुपरीवेक्षण समिति गठन
- प्रधानाध्यापकहरुलाई कार्यक्रम कार्यान्वयनबारे पूर्व अभिमुखिकरण
- घरधुरी सर्वेक्षण फाराम छपाई
- सर्वैक्षकहरुलाई अभिमुखिकरण
- घरधुरी सर्वेक्षण/ लगत संकलन
- तथ्यांक प्रशोधन
- तथ्यांक कम्प्युटर प्रविष्टी
- ECD सहजकर्ताहरुको लागि क्षमता विकास तालिम
- निरन्तर अनुगमन सुपरीवेक्षण
- प्रगति समिक्षा
- वडा घोषणा

घोषणाको पूर्वतयारी बैठक तथा

## १. विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाहरुको लगत संकलन (फारम छपाई, कम्प्यूटर प्रविष्टी प्रतिबेदन लगायत)

विद्यालयबाहिर रहेका बालबालिका तथा विद्यालयमा अध्यनरत मध्ये अभिभावक विहिन, अति विपन्न, अपाङ्गता भएका बालबालिकाको तथ्यांक संकलनको लागि घरधुरी सर्वेक्षण फारम तयार छपाइ कार्य गरियो । सा.सि.के.का परिचालक तथा बालविकास सहजकर्ताहरुलाई कम्तीमा १० दिनको समयावधि दिई घरधुरी सर्वेक्षण को लागि जिम्मेवारी प्रदान गरियो। यसरी सर्वेक्षण गर्दा ७ जना बालबालिका बिद्यालय बाहिर रहेको भेटियो, मध्ये ७ जना विद्यालय उमेरका समूहका (४ बर्षदेखि १३ वर्ष) बालबालिका भएको भेटियो।

## २. पूर्व प्राथमिक कक्षा (ECD) मा शिक्षण गर्ने शिक्षकहरुलाई मन्टेश्वरी तालिमः

मिति २०८१ साल चैत्र १४ देखि १८ गते सम्म पालिका भित्र कार्यरत २२ जना बालबिकास शिक्षकहरुलाई ५ दिने आवासिय तालिम सञ्चालन गरियो । तालिममा बालबिकास शिक्षकहरुलाई शैक्षिक सामग्रीहरु निर्माण, सिर्जनात्मक कला , कक्षाकोठा व्यवस्थापन, बालमनोबिज्ञान, बालविकास पाठ्यक्रम आदि विषयमा सीपमा आधारित भएर तालिम संचालन भएको थियो।

३. कक्षा ३ सम्मका बालबालिकालाई लक्षित गरी बालमैत्री शिक्षण सामग्री तथा कक्षाकोठा व्यवस्थापनः

गाउँ शिक्षा समितिको निर्णयानुसार पालिका भित्रका ५ वडाका ११ ओटा विद्यालयमा कक्षा १, २ र ३ को बालमैत्री कक्षाकोठा निर्माण तथा कक्षाकोठा सजावटको लागि अनुदान उपलब्ध गराइएको बालमैत्री कक्षा कोठा व्यवस्थापन गरिएका विद्यालयहरुको विवरण

तालिका नं १९ कक्षा ३ सम्मका बालबालिकालाई लक्षित गरी बालमैत्री शिक्षण सामग्री तथा कक्षाकोठा व्यवस्थापन अनुदान विवरणः

| क स | विद्यालय | जम्मा खर्च भएको रकम | करकट्टी | भुक्तानी भएको रकम |
|---|---|---|---|---|
| १ | श्री तिरु आ वि | ५०००० | ६८८ | ४९३१२ |
| २ | श्री दिपेन्द्र आ वि | ३०००० | ४५७ | २९५४३ |
| ३ | श्री डाँडागाउँ मा वि | १००००० | १४६२ | ९८५३८ |
| ४ | श्री भुमेदेवि मा वि | १००००० | १४२१ | ९८५७९ |
| ५ | श्री भुवनेश्वरी आ वि | ४०००० | ६०० | ३९४०० |
| ६ | श्री ढुंगे आ वि | ७४८९३ | ११२४ | ७३७६९ |
| ७ | श्री नवविजयी महेन्द्र मा वि | १००००० | २५०० | ९७५०० |
| ८ | श्री भिमसेनस्थान आ वि | १५००० | २२८ | १४७७२ |
| ९ | श्री बाराही आ वि | ३०००० | ५१० | २९४९० |
| १० | श्री शिवालय आ वि | ४०००० | ६०० | ३९४०० |
| ११ | श्री नीलकण्ठ मा वि | १००००० | १३४७ | ९८६५३ |
| जम्मा | | ६७९८९३ | १०९३७ | ६६८९५६ |

**यस कार्यक्रमका शिर्षकगत खर्च विवरण निम्न प्रकारका छन् ।**

- घरधुरी फाराम छपाईः ७०००।
- घरधुरी सर्वेक्षण,तथ्यांक संकलन,तथ्यांक प्रविष्टी, तथ्यांक विश्लेषणः १५५४२७।
- बाविकास स.का. हरुको तालिमः २७५९७५।
- बालमैत्री कक्षाकोठा व्यवस्थापनः ६८००००।
- बालविकास work book =४५००००।

- वडा घोषणाः १०००००।
- विपन्न विद्यार्थी स्टेसनरी वितरणः ६७०००।
- कार्यक्रम अभिमुखिकरण, समिक्षा बैठक,कार्ययोजना निर्माण तथा अनुगमन खर्चः ७७७१०
- अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा खर्चः ४२०००।
- विविध खर्चः १५०००।

जम्मा खर्चः१८६०११२।
प्रदेशबाट अनुदान प्राप्तः१७५००००।
गाउँपालिकाको लागत साझेदारीः११०११२।

## ५.३ कार्यक्रमगत प्रमुख उपलब्धि :

यस पालिकामा संघिय सरकार,प्रदेश सरकार,स्थानीय सरकारलगायत अन्य संघसंस्थाबाट संचालित विविध शैक्षिक कार्यक्रमबाट प्राप्त उपलब्धिलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ।

- पालिका भित्रका सबै बालबालिकामा विद्यालयको पंहुच पुगेको छ जसले गर्दा पालिकाको शैक्षिक स्तरमा वृद्धि भएको छ।
- भूकम्प पश्चात प्राय: सबै विद्यालयहरुको भौतिक संरचना निर्माण भै सिकाई सहजीकरणमा सहयोग पुगेको छ।
- कम्तिमा सबै माध्यमिक विद्यालय र केही आधारभूत विद्यालयहरुमा विज्ञान प्रयोगशाला, कम्प्यूटर ल्याब तथा पुस्तकालयको स्थापना भएको छ।
- संघीय, र स्थानीय सरकारबाट न्यून र सुन्य दरबन्दी भएका विद्यालयहरुका लागि शिक्षण सहयोग अनुदान प्राप्त भएको हुदा शिक्षकको चरम अभाव खेपिरहेको विद्यालयको लागि राहत भएको छ।
- दिवा खाजा कार्यक्रमले बालबालिकाहरुको पोषण अवस्थामा राम्रो सुधार ल्याउनुको साथै विद्यालय भर्नादर, टिकाउदरमा उल्लेखनीय वृद्धि भै सिकाइ उपलब्धि समेत बढेको छ।
- विपन्न लक्षित तथा गैर आवासीय विद्यार्थी छात्रवृत्ति कार्यक्रमबाट विपन्न विद्यार्थी, कक्षा १-५ सम्मका छात्रा,दलित, अपांग बालबालिकाहरु निकै लाभान्वित छन्।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमले विद्यालयको भौतिक संरचना सुधारमा ल्याएको छ।
- निशुल्क सेनेटरी प्याड वितरण कार्यक्रमले विद्यालयमा छात्रा उपस्थितिदरमा वृद्धि भई सिकाइ उपलब्धि पनि बढेको छ।
- बिभिन्न समयमा हुने शिक्षक तालिमले शिक्षकको पेसागत क्षमता अभिवृद्धि भएको छ।
- कोभिड १९ को महामारीबाट उत्पन्न विषम परिस्थितिमा पनि वैकल्पिक सिकाइ सहजीकरणलाइ निरन्तरता दिईएको छ।
- पालिकामा प्राविधिक विद्यालय संचालन भएको हुदा घरमै बसेर निशुल्क प्राविधिक शिक्षा हासिल गर्न सक्षम भएको छ। साथै आवासीय विद्यालयको कारण कतिपय गरिब तथा जेहेन्दार विद्यार्थीमा शिक्षाको पंहुच सजिलै पुगेको छ।

- माध्यमिक विद्यालयमा विद्यालय नर्सको ब्यवस्थाले बालबालिकाहरुमा सजिलै आधारभूत स्वास्थ्य सेवा पुगेको छ।
- पालिकास्तरीय खेलकुद कार्यक्रम संचालन हुदा बालबालिकाको शारीरिक,मानसिक,बौद्धिक विकासमा सहयोग पुगेको छ।

## ५.४ चुनौती तथा समाधानको लागि गर्नुपर्ने प्रयासहरु :

यस पालिकामा संचालित सम्पूर्ण शैक्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि केही चुनौतीहरु र सो समाधान गर्न चाल्नुपर्ने कदमलाई निम्न बुंदामा प्रस्तुत गर्न सकिन्छ।

- शिक्षक व्यवस्थापन : पालिका भित्र संचालित विशेष गरि कक्षा ६ – ८ संचालित आधारभूत विद्यालय र माध्यमिक विद्यालयमा शिक्षकको संख्या न्यून तथा शून्य भएको अवस्थामा शिक्षण सहयोग अनुदान मात्र प्रदान नगरी विद्यालयहरुमा स्थायी रुपमै विषयगत शिक्षकको व्यवस्थापन गर्नुपर्ने देखिन्छ । साथै शैक्षिक सत्रको वीचमा शिक्षक सरुवा हुने प्रणालीलाई अन्त्य गरी शैक्षिक सत्रको अन्त्यमा मात्र शिक्षक सरुवा गर्ने प्रणालीको सुरुवात गर्नुपर्ने देखिन्छ । करारमा शिक्षक पदपूर्ति गर्दा योग्यता प्रणालीमा विशेष ध्यान दिनुपर्छ । विद्यार्थी संख्या र भूगोलको आधारमा विद्यालय मर्ज गर्ने र दरवन्दी मिलान गर्ने कार्यलाई विशेष ध्यान दिनुपर्ने देखिन्छ।

- विद्यालयको भौतिक संरचनाको विकास : यस गाउँपालिकामा भौगोलिक कठिनाईको कारण सबै विद्यालयलाइ भौतिक रुपमा सुबिधा सम्पन्न बनाउन कठिन छ । निश्चित मापदण्डको आधारमा विनियोजित बजेटले विद्यालयहरुको आवश्यकता पुरा हुन नसक्ने भएकोले यहाको भौगोलिक विशिष्टताको आधारमा विद्यालय विकास बजेट विनियोजन गरी कार्यक्रमहरु संचालन गरिनु पर्छ।

- प्रविधिमैत्री शिक्षण सिकाइ : गुणस्तरीय सिकाइको लागि प्रविधिमैत्री वातावरण निर्माण गरिनु आवश्यक छ सो को लागि सबै विद्यालयहरुमा सूचना प्रविधिको विकास गर्नुपर्छ । सबै विद्यालयमा अझै पनि कम्प्यूटर ल्याब,विज्ञान प्रयोगशाला, पुस्तकालयको स्थापना हुन सकेको अवस्था छैन। सो को लागि सबै सरोकारवाला निकायहरुले तत्काल ध्यान दिनु पर्ने देखिन्छ। अझ कोभिड १९ जस्तो महामारीमा त प्रविधिमा आधारित सिकाइ वैकल्पिक सिकाइ सहजीकारणको अभिन्न अंग बनेको छ।

- शिक्षकको क्षमता विकास : दक्ष,प्रविधिमैत्री, तालिम प्राप्त शिक्षक उत्पादन नभई गुणस्तरीय शिक्षाको अपेक्षा गर्न सकिदैन त्यसै शिक्षकको क्षमता विकासको लागि विविध शिक्षक तालिम, गोष्ठी संचालन गर्नुपर्छ।

➢ सरोकारवालाहरु संग समन्वय सहयोग : समग्र विद्यालयको विकासको लागि यस संग सम्बन्ध राख्ने गाउँपालिका,गाउँशिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ. अभिभावक, नागरिक समाजलगायत सरोकारवाला सबैसंग आवश्यक समन्वय,सहकार्य वातावरण निर्माण हुनुपर्दछ। मेहनती विद्यार्थी,दक्ष शिक्षक र सचेत अभिभावक भएमा मात्र शैक्षिक गुणस्तरको प्रत्याभूति दिन सकिन्छ।

अन्त्यमा यस शैक्षिक प्रतिवेदनले उत्तरगया गाउँपालिकाको समग्र शैक्षिक अवस्थालाई समेटेको छ। वडास्तरीय शैक्षिक कार्यक्रमहरुलाई अझ बढी बिस्तृतरुपमा समेट्न सकिएको छैन। आगामी वर्ष अझै तथ्यांकमा शुद्धिकरण गरि अझ बढी परिमार्जित र परिस्कृतरुपमा समेट्ने प्रयास गरिनेछ। शैक्षिक स्थिति प्रतिवेदनलाइ अझ बस्तुनिष्ठ, व्यावहारिक र परिस्कृत गर्न यससंग सरोकार राख्ने सबैको सल्लाह, सुझावको अपेक्षा छ। धन्यवाद !

समाप्त

# अनुसूची :

## १.निकासा विवरण -२०८१/८२

| बजेट स्रोत | विनियोजित बजेट (रु.) | खर्च (रु.) | प्रगति प्रतिशत |
|---|---|---|---|
| संघीय ससर्त | १०८९१३००० | ९६९४५४९७ | ८९.०१ % |
| पालिका अनुदान | २१४२१६०२ | १८२५४५४७ | ८५.२१ % |
| जम्मा | १३०३३४६०२ | ११५२०००४४ | ९७.५३ % |

## २.संघीय सशर्त

आर्थिक वर्ष २०८१।०८२ मा उत्तरगया गाउँपालिकामा शसर्त अनुदान हस्तान्तरण भई कार्यान्वयन भएको बजेट सामुदायिक विद्यालय तथा सिकाई केन्द्रहरुमा भएको निकासा विवरण

| क्र.स. | विद्यालयको नाम | इमिस कोड | बालविकास तलब | विद्यालय कर्मचारीको तलब र चाडपर्व खर्च | लेखा सहायकको तलब र चाडपर्व खर्च | आ वि तलब तलब र चाडपर्व खर्च | मा वि तलब तलब र चाडपर्व खर्च | पोषाक खर्च | शिक्षण सहयोग अनुदान | नमूना विद्यालय अनुदान | दिवा खाजा | निःशुल्क सेनेटरी प्याड | प्रति विद्यार्थी इकाई लागत अनुदान **OJT** समेत | आवासिय तथा गैरआवासिय छात्रवृत्ति | शैक्षिक व्यवस्थापनमा आधारित कार्यसम्पादन मूल्यांकन अनुदान | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान **lab** व्यवस्थापन समेत | निःशुल्क पाठ्यपुस्तक अनुदान | विपतका समयमा सिकाई निरन्तरताका लागि आपुरण तथा दुर्त सिकाई योजना ( **ReAL Plan** ) | सामुदायिक सिकाईकेन्द्र | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री तीरु आधारभूत विद्यालय | २९००८०००३ | १३०००० | २०८००० | | ६३९४२७ | | ७५००० | | | ८२२०० | | ९१०० | ५२०० | | ५२००० | ९११२ | | | १२१००३९ |
| २ | श्री करुमर्याङ्ग आधारभूत विद्यालय | २९००८०००४ | ७०००० | ५६००० | | ० | | ० | | | ४०५० | | ० | ० | ० | | ० | | | १३००५० |
| ३ | श्री गणेश आधारभूत विद्यालय | २९००४०००५ | २६०००० | १०४००० | | ९२७९९३२ | | ६०००० | | | ९४९३५ | | ६३०० | २८०० | | ५२००० | १३१४० | | | ९६१३१०७ |
| ४ | श्री चिप्लेटी आधारभूत विद्यालय | २९००४०००६ | ० | २०८००० | | १५०४७८० | | ६०००० | | | ४४१०१ | | ४३५० | २४०० | | ५२००० | ३९८५ | | | १८७९६१६ |
| ५ | श्री पञ्चलिङ्गे आधारभूत विद्यालय | २९००४०००३ | १३०००० | १०४००० | | ३०७२६५० | | १२०००० | ३९७०३० | १०८६८२३२ | १०९९५० | १९५०० | १४००० | ७६०० | | ६०००० | ४२९३० | २७६७९ | | १४९७३५७१ |
| ६ | श्री दिपेन्द्र आधारभूत विद्यालय | २९००४०००१ | १३०००० | १०४००० | | १७३१३२६ | | ७५००० | | | ७९६५० | | ७४५० | ४००० | | ५२००० | १२६५६ | ४३३४ | | २२००४१६ |
| ७ | श्री डाँडागाउँ माध्यमिक विद्यालय | २९००४०००७ | १३०००० | १०४००० | १७५५०० | ५०८२४८१ | ३९१६४३४ | २७०००० | | | १६५२४० | ५५५७५ | ३५९०० | ८००० | | ८५००० | १००८५३ | ४३४३४ | | १०१७२४१७ |
| ८ | श्री भुमेदेवि माध्यमिक विद्यालय | २९०१५०००२ | १३०००० | १०४००० | | ४१७५७७९ | २४३५८६१ | २२५००० | | | २३१००० | २७३०० | ३८००० | ११६०० | | ८०००० | ७१८९७ | ८४१२ | | ७४०८८४९ |
| ९ | श्री सरस्वती आधारभूत विद्यालय | २९०१५०००१ | १३०००० | १०४००० | | ६५५९१४.८ | | ४५००० | | | २७६३० | | २६५० | १६०० | | ५२००० | १२१७ | | | १०२००१२ |
| १० | श्री सिम्ले आधारभूत विद्यालय | २९०१५०००४ | १३०००० | १०४००० | | १२३३४३०.३ | | ६०००० | | | ३०३९० | | ३७५० | २४०० | | ५२००० | ३६८६ | | | १६१९६५६ |
| ११ | श्री मालिकादेवि आधारभूत विद्यालय | २९०१०००० १ | ११०००० | १०४००० | | १८३४८६०.४ | | ७५००० | | | ४२५७० | | ५३०० | ५२०० | | ५२००० | ९९१७ | | | २२३८८४७ |
| १२ | श्री भुवनेश्वरी आधारभूत विद्यालय | २९०१०००१० | १३०००० | १०४००० | | १८५७८७९.३ | | ७५००० | | | १३७५५० | | ९००० | ६००० | | ५२००० | १२८३८ | ७९८८ | | २३९२२५५ |
| १३ | श्री ढुंगे आधारभूत विद्यालय | २९०१००००२ | १३०००० | १०४००० | | ४३१०६७६ | | १५०००० | | | २२७७९० | १०७२५ | २७९५० | १५८०० | | ६०००० | ५७२७४ | १४३८१ | | ५१०८५९६ |
| १४ | श्री नवविजयी महेन्द्र माध्यमिक विद्यालय | २९०१००००९ | २६०००० | २०८००० | १७५५०० | ५२१९१५५ | २००२९०४ | २८५००० | | | १३९३८० | ३३१५० | ३५१५० | ८८०० | ३००००० | ८०००० | १०६७१४ | ३२८५० | | ८८८६६०३ |
| १५ | श्री भिमसेनस्थान | २९०१००००७ | १३०००० | १०४००० | | ५७६२९५.४ | | ४५००० | | | २५८४५ | | ४४५० | २००० | | ५२००० | २८१५ | | | ९४२४०५ |

| | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत विद्यालय | | | | | | | | | | | | | | | | | | | |
| १६ | श्री शिवालय आधारभूत विद्यालय | २९०१००००८ | १३०००० | १०४००० | | ४३९३९२२. | | १८४७३० | | | ६७४७० | १६५७५ | ६८५० | ५२०० | | ६०००० | ८८८१६ | १७७६० | | ५०७५३२३ |
| १७ | श्री बाराही आधारभूत विद्यालय | २९०१००००४ | १३०००० | १०४००० | | ११८८७८८ | | ६०००० | | | ५५५३० | | ११२०० | २४०० | | ५२००० | ५९८५ | | | १६०९९०३ |
| १८ | श्री नीलकण्ठ माध्यमिक विद्यालय | २९०१००००५ | ३९०००० | २४०००० | १७५५०० | ८७८८८१५. | १२२१४८४८ | | | | ६७८८५५ | १५६९७५ | १०१०१०० | ४०४०० | २००००० | २८५००० | ३३९४८२ | ७८०५१ | | २४५९८०२६ |
| | सामुदायिक सिकाई केन्द्र | | | | | | | | | | | | | | | | | | ३००००० | १०१०७९६९२ |
| १ | श्री डाँडागाउँ सामुदायिक सिकाई केन्द्र | | | | | | | | | | | | | | | | | | २९२७६० | |
| २ | श्री भुमेदेवि सामुदायिक सिकाई केन्द्र | | | | | | | | | | | | | | | | | | ३००००० | |
| ३ | श्री नवविजयी सामुदायिक सिकाई केन्द्र | | | | | | | | | | | | | | | | | | | |
| | जम्मा | | २६५०००० | २२७२००० | ५२६५०० | ५५५४६१११ | 20570047 | १८६४७३० | ३९७०३० | १०८६८२३२ | २२४४१६३ | | १२३१५०० | १३१४०० | ५००००० | १२३०००० | ८८३३१७ | **234889** | ८९२७६० | १०१९७२४५२ |
| | | | | | | | | | | | | | | | | | | | | |

## ३.समानीकरण अनुदान

आर्थिक वर्ष २०८१।०८२ मा उत्तरगया गाउँपालिकामा समानीकरण अनुदान हस्तान्तरण भई कार्यान्वयन भएको बजेट सामुदायिक विद्यालय तथा सिकाई केन्द्रहरुमा भएको निकासा विवरण

| क्र.स. | विद्यालयको नाम | इमिस कोड | थप प्रअ भत्ता | शिक्षण सहयोग | बालविकास सहजकर्ता प्रोत्सान | विद्यालय सहयोगी प्रोत्सान | विद्यालय सहयोगी थप दरबन्दी | विद्यालय सहायक प्रोत्सान | बाविके र सहयोगी विद्यालय सहायकको चाडपर्व | दुर्गम प्रोत्साहन | दिवा खाजा | स्काउट प्रवर्तन अनुदान | विद्यालय सञ्चालन मसलन्द अनुदान | विद्युतिय सामाग्री मर्मत तथा खरिद अनुदान | सट्टा शिक्षक व्यवस्थापन | अतिरिक्त कक्षा सञ्चालन अनुदान | CLC परिचालक थप | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री तीरु आधारभूत विद्यालय | २९००८०००३ | २४०० | | ९१००० | १६८००० | | | २१००० | ७६००० | १९८३७ | | १५००० | २५००० | | | | ४१८२३७ |
| २ | श्री करुमर्याङ्ग आधारभूत विद्यालय | २९००८०००४ | १२०० | | ४२००० | ४२००० | | | १४००० | | १८०० | | १५००० | | | | | ११६००० |
| ३ | श्री गणेश आधारभूत विद्यालय | २९००४०००५ | २४०० | | १६८००० | ८४००० | | | २१००० | ५२००० | २३३६० | | १५००० | | | | | ३६५७६० |
| ४ | श्री चिप्लेटी आधारभूत विद्यालय | २९००४०००६ | २४०० | | ० | १६८००० | | | १४००० | | १३७२० | | १५००० | | | | | २१३१२० |
| ५ | श्री पञ्चलिङ्गे आधारभूत विद्यालय | २९००४०००३ | ३६०० | ३९२६०० | ९१००० | ९१००० | | | १४००० | १७६००० | ३८११० | ५०००० | २०००० | ५०००० | | २४३०० | | ९५०६१० |
| ६ | श्री दिपेन्द्र आधारभूत विद्यालय | २९००४०००१ | २४०० | | ९१००० | ९१००० | | | १४००० | | ३५८८५ | | १५००० | | | | | २४९२८५ |
| ७ | श्री डाँडागाउँ माध्यमिक विद्यालय | २९००४०००७ | ६००० | | ९१००० | ९१००० | १८०००० | ७८००० | ३५५०० | | ४३४९५ | ५०००० | ३०००० | ५०००० | १०५००० | १३२३०० | | ८९२२९५ |
| ८ | श्री भुमेदेवि माध्यमिक विद्यालय | २९०१५०००२ | ६००० | | ९१००० | ९१००० | १८०००० | ७८००० | ३५५०० | | ६९२७५ | ५०००० | २५००० | | | ३११९७३ | | ६५७७४८ |
| ९ | श्री सरस्वती आधारभूत विद्यालय | २९०१५०००१ | २४०० | | ९१००० | ९१००० | | | १४००० | | ८०२० | | १५००० | | | | | २२१४२० |
| १० | श्री सिम्ले आधारभूत विद्यालय | २९०१५०००४ | २४०० | | ९१००० | ९१००० | | | १४००० | | १११२० | | १५००० | ३०००० | | | | २५४५२० |
| ११ | श्री मालिकादेवि आधारभूत विद्यालय | २९०१००००१ | २४०० | | ९१००० | ९१००० | | | १४००० | | २०४५० | | १५००० | | | | | २३३८५० |
| १२ | श्री भुवनेश्वरी आधारभूत विद्यालय | २९०१०००१० | २४०० | ३७१९३० | ९१००० | ९१००० | | | १४००० | | ३२९३० | | १५००० | ५०००० | २०००० | | | ६८८२६० |
| १३ | श्री ढुंगे आधारभूत विद्यालय | २९०१००००२ | ३६०० | ३७१९३० | ९१००० | ९१००० | | | १४००० | | ७१६०० | ५०००० | २०००० | ५०००० | | १८९०० | | ७८२०३० |
| १४ | श्री नवविजयी महेन्द्र माध्यमिक विद्यालय | २९०१००००९ | ६००० | | १८२००० | १८२००० | १८०००० | ७८००० | ४९५०० | | ५७५४५ | | २५००० | ५०००० | | ११०७०० | | ९२०७४५ |
| १५ | श्री भिमसेनस्थान आधारभूत विद्यालय | २९०१००००७ | २४०० | | ९१००० | ९१००० | | | १४००० | | ९९१५ | | १५००० | | | | | २२३३१५ |
| १६ | श्री शिवालय आधारभूत विद्यालय | २९०१००००८ | ३६०० | | ९१००० | ९१००० | | | १४००० | | २२७३० | ३०००० | २०००० | ५०००० | | १०८०० | | ३३३१३० |
| १७ | श्री बाराही आधारभूत विद्यालय | २९०१००००४ | २४०० | | ९१००० | ९१००० | | | १४००० | | २०८५० | | १५००० | ४०००० | | | | २७४२५० |
| १८ | श्री नीलकण्ठ माध्यमिक विद्यालय | २९०१००००५ | ६००० | | २७३००० | २७३००० | | ७८००० | ४८५०० | | २१०८१० | ७५००० | ३०००० | | | ३४०२०० | | १३३४५१० |
| | सामुदायिक सिकाई केन्द्र | | | | | | | | | | | | | | | | | ९१२९०८५ |
| १ | श्री डाँडागाउँ सामुदायिक सिकाई केन्द्र | | | | | | | | | | | | | | | | ६५००० | ६५००० |
| २ | श्री भुमेदेवि सामुदायिक सिकाई केन्द्र | | | | | | | | | | | | | | | | ६५००० | ६५००० |
| ३ | श्री नवविजयी सामुदायिक सिकाई केन्द्र | | | | | | | | | | | | | | | | ६५००० | ६५००० |
| | जम्मा | | ६०००० | **1136460** | १८४८००० | २००९००० | **540000** | **312000** | ३७९००० | ३०४००० | ७११४५२ | **305000** | ३३५००० | ३९५००० | **125000** | **669173** | १९५००० | ९३२४०८५ |

४.उत्तरगया गाउपालिकाका सामुदायिक विद्यालयहरुको कक्षा ८, १० र १२ को नतिजा

| उत्तरगया गाउँपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुको २०८१ सालको कक्षा ८ को नतिजा। | | | | |
|---|---|---|---|---|
| क्र.स. | विद्यालयको नाम | जम्मा विद्यार्थी संख्या | उत्तीर्ण विद्यार्थी संख्या | जम्मा उत्तीर्ण प्रतिशत |
| १ | श्री पञ्चलिङ्गे आ वि | १० | ८ | ८० |
| २ | श्री डाँडागाउँ मा वि | १४ | ९ | ६४.२८ |
| ३ | श्री भुमेदेवि मा वि | ७ | ७ | १०० |
| ४ | श्री नवविजयी महेन्द्र मा वि | ११ | ११ | १०० |
| ५ | श्री ढुंगे आ वि | ७ | ७ | १०० |
| ६ | श्री शिवालय मा वि | ५ | ४ | ८० |
| ७ | श्री नीलकण्ठ मा वि | ४२ | ४२ | १०० |
| | जम्मा | ९६ | ८८ | ९१.६६ |

| | शैक्षिक सत्र २०८१ को कक्षा १० को नतिजा | | | |
|---|---|---|---|---|
| क्र.स. | विद्यालयको नाम | परीक्षामा सहभागि जम्मा विद्यार्थी संख्या | उत्तीर्ण विद्यार्थी संख्या | जम्मा उत्तीर्ण प्रतिशत |
| १ | श्री डाँडागाउँ मा वि | ११ | २ | १८.१८ % |
| २ | श्री भुमेदेवि मा वि | १० | २ | २०.००% |
| ३ | श्री नवविजयी महेन्द्र मा वि | १२ | ११ | ९१. ६६% |
| ४ | श्री नीलकण्ठ मा वि | ४० | १७ | ४२.५% |
| | जम्मा | ७३ | ३२ | ४३.८३% |

| शैक्षिक सत्र २०८१ सालको कक्षा १२ नतिजा । | | | | |
|---|---|---|---|---|
| क्र.स. | विद्यालयको नाम | जम्मा विद्यार्थी संख्या | उत्तीर्ण विद्यार्थी संख्या | जम्मा उत्तीर्ण प्रतिशत |
| १ | श्री डाँडागाउँ मा वि | ६ | २ | ३३.३३% |
| | श्री नीलकण्ठ मा वि (साधारणधारतर्फ) | १७ | १२ | ७०.५८% |
| २ | (प्राविधिक धारतर्फ) | ८ | ५ | ६२.५% |
| | जम्मा | ३१ | १९ | ६१.२९% |

| सामुदायिक विद्यालय र सामुदायिक सिकाई केन्द्रमा कार्यरत शिक्षक,कर्मचारी तथा परिचालकको दरबन्दी विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स्वीकृत दरबन्दी | | | | | | | |
| तह | स्थायी/ अस्थायी/ करार | राहत | साबिक उ.मा.वि. | प्राविधिक प्रशिक्षक | विद्यालय नर्स (प्रदेश) | संघीय अनुदान | पालिका अनुदान | जम्मा |
| माध्यमिक तह | १३ | ५ | ५ | ७ | | | | ३० |
| नि.मा.वि. तह | १५ | ५ | | | | १ | १ | २२ |
| प्राथमिक तह | ६४ | २ | | | | | २ | ६८ |
| विद्यालय नर्स | | | | | 3 | | | २ |
| विद्यालय सहायक | ३ | | | | | | १ | ४ |
| बाल विकास सहजकर्ता | २० | | | | | | | २० |
| विद्यालय सहयोगी | २२ | | | | | | २ | २४ |
| खेलकुद प्रशिक्षक | | | | | | | ३ | ३ |
| सासिके परिचालक | ३ | | | | | | | ३ |
| जम्मा | १४० | १२ | ५ | ७ | २ | १ | ९ | १७६ |

५.विद्यालयगत शिक्षक कर्मचारी दरबन्दी विवरण

उत्तरगया गाउँपालिकाको विद्यालयगत तथा तहगत दरबन्दी विवरण २०८१

| | | तह - प्राथमिक | | | | | | | तह - निम्न माध्यमिक | | | | | | | | तह - माध्यमिक | | | | | | | तह - उच्च माध्यमिक | | | बा.वि के. सहजकर्ता | वि. कर्मचारी | वि. सहयोगी | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत दरबन्दी स्थायी | | | | अस्थायी करार/राहत | | | स्वीकृत दरबन्दी स्थायी | | | | अस्थायी करार/राहत | | | संघीय अनुदान | स्वीकृत दरबन्दी स्थायी | | | | अस्थायी करार/राहत | | | अस्थायी करार/राहत | | | | | | |
| | | प्र | द्वि | तृ | ज | अ.करार | राहत | ज | प्र | द्वि | तृ | ज | अ.करार | राहत | ज | जम्मा | प्र | द्वि | तृ | ज | अ.करार | राहत | ज | अ.करार | राहत | जम्मा | जम्मा | जम्मा | जम्मा | |
| 1 | Malika Devi Basic School | | १ | २ | ३ | | | 0 | | | | 0 | | | 0 | | | | | 0 | | | 0 | | | 0 | 1 | | 1 | 5 |
| 2 | Chipleti Basic School | | | ३ | 3 | | | 0 | | | | 0 | | | 0 | | | | | 0 | | | 0 | | | 0 | | | 2 | 5 |
| 3 | Simle Basic School | | 1 | 1 | 2 | | | 0 | | | | 0 | | | 0 | | | | | 0 | | | 0 | | | 0 | 1 | | 1 | 4 |
| 4 | Nava Vijayee Mahendra Secondary School | 2 | 0 | 5 | 7 | | | 0 | | 1 | 1 | 2 | 1 | 1 | 2 | | | | 1 | 1 | | 2 | 2 | | | 0 | 2 | 1 | 2 | 19 |
| 5 | Dhunge Basic School | | 1 | 5 | 6 | | | 0 | | | | 0 | | 2 | 2 | | | | 3 | 3 | 1 | | 1 | | 2 | 2 | 1 | 1 | 1 | 17 |
| 6 | Dandagaun Secondary School | | 1 | 4 | 5 | | | 0 | | 1 | 1 | 2 | 1 | 1 | 2 | | | | 1 | 1 | | 3 | 3 | | | 0 | 1 | | 1 | 15 |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 7 | Bhubaneshwari Basic School | | 2 | 1 | 3 | | | 0 | | | | 0 | | | 0 | | | | | 0 | | | 0 | | | 0 | 1 | | 1 | 5 |
| 8 | Bhimsensthan Basic School | | | 1 | 1 | | | 0 | | | | 0 | | | 0 | | | | | 0 | | | 0 | | | 0 | 1 | | 1 | 3 |
| 9 | neelakantha Secondary School | 1 | 5 | 3 | 9 | | | 0 | | | 5 | 5 | | | | | 3 | 4 | | 7 | | | 0 | | | 0 | 3 | 1 | 3 | 28 |
| 10 | Barahi Basic school | | 1 | 1 | 2 | | | 0 | | | | 0 | | | 0 | | | | | 0 | | | 0 | | | 0 | 1 | | 1 | 4 |
| 11 | Ganesh Basic School | | | 2 | 2 | | | 0 | | | | 0 | | | 0 | | | | | 0 | | | 0 | | | 0 | 2 | | 1 | 5 |
| 12 | Bhumedevi Secondary School | | | 4 | 4 | | 1 | 1 | | 2 | | 2 | 1 | | 1 | | 1 | | | 1 | | | 0 | 3 | | 3 | 1 | 1 | 1 | 15 |
| 13 | Panchalinge Adharbhut Bidyalaya | | | 5 | 5 | | | 1 | | | | 0 | | | 0 | 1 | | | | 0 | | | 0 | | | 0 | 1 | | 1 | 9 |
| 14 | Saraswati aadharbhut school | | 1 | | 1 | | | 0 | | | | 0 | | | 0 | | | | | 0 | | | 0 | | | 0 | 1 | | 1 | 3 |
| 15 | Tiru Basic School | | | 2 | 2 | | | 0 | | | | 0 | | | 0 | | | | | 0 | | | 0 | | | 0 | 1 | | 2 | 5 |
| 16 | Dipendra Basic school | | | 3 | 3 | | | 0 | | | | 0 | | | 0 | | | | | 0 | | | 0 | | | 0 | 1 | | 1 | 5 |
| 17 | Shiwalaya Adharbhut Vidyalaya | | 3 | 3 | 6 | | | 0 | | | | 0 | | 2 | 2 | | | | | 0 | | | 0 | | | 0 | 1 | | 1 | 10 |

६.शैक्षिक सत्र २०८१ को कक्षागत विद्यार्थी विवरण

**Students Record of years 2081**

| S.N | Province | IEMIS code | ECD | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barahi Basic school | 290100004 | 7 | 15 | 7 | 3 | 0 | 0 | 25 | 0 | 0 | | 0 | 0 | 0 | |
| 2 | Bhimsensthan Basic School | 290100007 | 6 | 4 | 3 | 0 | 0 | 0 | 7 | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| 3 | Bhubaneshwari Basic School | 290100010 | 7 | 10 | 3 | 3 | 10 | 4 | 30 | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| 4 | Bhumedevi Secondary School | 290150002 | 38 | 6 | 2 | 13 | 16 | 15 | 52 | 12 | 14 | 0 | 20 | 0 | 0 | |
| 5 | Chipleti Basic School | 290040006 | 6 | 0 | 3 | 3 | 0 | 3 | 9 | 0 | 0 | 7 | 0 | 0 | 0 | |
| 6 | Dandagaun Secondary School | 290040007 | 18 | 4 | 4 | 7 | 9 | 12 | 36 | 14 | 12 | 0 | 43 | 10 | 21 | |
| 7 | Dhunge Basic School | 290100002 | 29 | 11 | 9 | 10 | 12 | 7 | 49 | 8 | 10 | 14 | 0 | 0 | 0 | |
| 8 | Dipendra Basic school | 290040001 | 7 | 10 | 7 | 3 | 9 | 2 | 31 | 0 | 0 | 7 | 0 | 0 | 0 | |
| 9 | Ganesh Basic School | 290040005 | 6 | 2 | 5 | 5 | 3 | 6 | 21 | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| 10 | Malika Devi Basic School | 290100001 | 4 | 6 | 8 | 3 | 1 | 0 | 18 | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| 11 | Modern Trinity English Boarding School | 290100012 | 52 | 52 | 17 | 15 | 13 | 9 | 106 | 5 | 0 | 0 | 0 | 0 | 0 | |
| 12 | Nava Vijayee Mahendra Secondary School | 290100009 | 21 | 14 | 9 | 8 | 9 | 11 | 51 | 21 | 17 | 0 | 33 | 0 | 0 | |
| 13 | neelakantha Secondary School | 290100005 | 46 | 77 | 20 | 30 | 41 | 30 | 198 | 39 | 50 | 11 | 91 | 36 | 66 | |
| 14 | Panchalinge Adharbhut Bidyalaya | 290040003 | 4 | 4 | 7 | 8 | 10 | 8 | 37 | 7 | 17 | 42 | 0 | 0 | 0 | |
| 15 | Saraswati aadharbhut school | 290150001 | 4 | 2 | 0 | 1 | 0 | 0 | 3 | 0 | 0 | 10 | 0 | 0 | 0 | |
| 16 | Shiwalaya Adharbhut Vidyalaya | 290100008 | 9 | 3 | 2 | 1 | 3 | 7 | 16 | 6 | 9 | 0 | 0 | 0 | 0 | |
| 17 | Simle Basic School | 290150004 | 4 | 4 | 3 | 6 | 0 | 0 | 13 | 0 | 0 | 5 | 0 | 0 | 0 | |
| 18 | Tiru Basic School | 290080003 | 10 | 13 | 15 | 8 | 1 | 1 | 38 | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| | Total | | 278 | 237 | 124 | 127 | 137 | 115 | 740 | 112 | 129 | 96 | 187 | 46 | 87 | 2415 |

७ घरधुरी सर्वेक्षण बाट भेटिएका विद्यालय बाहिर रहेका बालबालिकाहरुको विवरण

| क्र.स. | गाउँ वा टोलको नाम | वडा न | बालबालिकाको नाम थर | बाबु/आमा/अभिभावकको नाम थर | अभिभावकको पेसा | छात्र/छात्रा | छाडेको कक्षा | उमेर | अपाङ्ता भए अपाङ्ता को प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिरुचेत | १ | सुदिप तामाङ | रिमा तामाङ | कृषि | छात्र | ४ | १३ | | भर्ना भएको |
| २ | खाल्टे | ५ | सरोज तामाङ | मिङमार तामाङ | कृषि | छात्र | ५ | १३ | | लामा पढ्न |
| ३ | खाल्टे | ५ | प्रयास तामाङ | मिङमार तामाङ | कृषि | छात्र | नर्सरी | ४ | | खाल्डे वस्ती |
| ४ | भदौरे | २ | किरण पौडेल | ऋषिश्वर पौडेल | शिक्षक | छात्र | विद्यालय नगएको | ११ | (क्र वर्ग) को अपाङ्गता | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | कालीमाटी | २ | दुह्युङ्ग तामाङ | सोम बहादुर तामाङ | नोकरी | छात्र | विद्यालय नगएको | ६ | (क्र वर्ग) को अपाङ्गता | |
| ६ | देउराली | ३ | बिसीजन तामाङ | सोभा तामाङ | कृषि | छात्र | विद्यालय नगएको | ८ | (क्र वर्ग) को अपाङ्गता | |
| ७ | पैरे | ३ | सुमित्रा नेपाली | ठाकुर नेपाली | कृषि | छात्रा | विद्यालय नगएको | ९ | | |

स्रोतःघरधुरी सर्वेक्षण २०८१

८. घरधुरी सर्वेक्षण बाट पहिचान भएको गाउँपालिकाको शैक्षिक अवस्थाको विवरण

| वडा | गाउँ वा टोलको नाम | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | स्नातकोत्तर वा सो सरह | स्नातक | कक्षा १२ | कक्षा १० | कक्षा ८ | वैदेशिक रोजगार | अपाङगता भएकाको संख्या | साधारण लेखपढ | साक्षर नभएको संख्या | निरन्तर शिक्षा लिन चाहने संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | तिरु/गोगने/करुमर्याङ्ग | १२० | ४८६ | ० | ० | २८ | १६ | ३९ | ६ | ० | ६५ | ९९ | ९९ | |
| | खाल्टे | ९९ | ६५३ | ४ | ४ | १५ | ३४ | ५९ | ५५ | १८ | १६४ | १०१ | ४६ | |
| | मैलुङ्ग/ नयाँवस्ती / सल्लेटार /चिप्लेटि | ७२ | ३३२ | ० | ७ | २१ | २७ | ५७ | २७ | १२ | १२२ | १७ | २३ | |
| २ | खड्कु/पाल्ले | ९६ | ४६४ | ० | ५ | ४० | ३१ | ७४ | १९ | ३ | २४४ | ५३ | २३ | |
| | सिरुचेत | ९२ | ३९६ | ० | २ | २६ | २८ | ३३ | ३६ | २ | २१६ | ९२ | ३१ | |
| | सिम्ले | ५२ | २०१ | ० | १ | ११ | १० | ५८ | १३ | ६ | ८४ | १५ | ५ | |
| | डाँडागाउँ/भांगे/दियाले/ गोर्खाटार | २७८ | १३२३ | २६ | ५४ | ३३६ | १७० | १२५ | १७४ | ११ | ५३५ | ४७ | ५४ | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | पहिरे, सालिमेभित्ता, देउराली र ठूलोगाउँ | ४३६ | १८१८ | ३ | ३३ | १९१ | ३४० | १८५ | १६० | २६ | ११४४ | २३० | ४५ | |
| ४ | पैरेवेसी | ३८ | १६५ | २ | १ | २२ | २९ | १९ | २१ | ५ | ७० | २४ | ० | |
| | भलायडाँडा / दुइतले | ३२६ | १४०३ | ८३ | १११ | २३० | १३० | ३५ | १५० | २३ | १०७ | १३५ | ८५ | |
| | ढुँगे कर्मिडाँडा, चौरीखर्क | १९६ | ९७९ | 13 | 37 | 144 | 90 | 65 | 132 | २ | ३८१ | २४४ | २९ | |
| ५ | लहरे,बेत्रावती, बोगटिटार | ३६० | १७०० | ६७ | १५३ | २४० | १६१ | १३१ | १३७ | २३ | ३५६ | १०६ | ६० | |
| | बनुवा, बोगटीटार, कैदलेटार, लहरे | ३८६ | १८६० | ६७ | २१३ | ३४३ | १५७ | १०२ | २११ | २२ | २७५ | १८५ | १२ | |
| **जम्मा** | | २५५१ | ११७८० | २६५ | ६२१ | १६४७ | १२२३ | ९८२ | ११४१ | १५३ | ३७६३ | १३४८ | ५१२ | |

स्रोतःघरधुरी सर्वेक्षण २०८१